# सामुदायिक रेडियो

## स्थापना र सञ्चालनको लागि सहयोगी पुस्तिका



विनयकुमार कसजू

**पुस्तक:** *सामुदायिक रेडियो स्थापना र सञ्चालनको लागि सहयोगी पुस्तिका*

**लेखक:** विनयकुमार कसजू

**प्रकाशक:** विकास सञ्चार केन्द्र, काठमाडौं

© विकास सञ्चार केन्द्र, २०००

यस पुस्तिकामा प्रकाशित सामग्रीहरू गैरव्यापारिक प्रयोजनका लागि स्रोत खुलाएर पुन: प्रकाशित गर्नु भएमा कुनै आपत्ति हुने छैन। प्रकाशित सामग्रीको एक प्रति पठाउनु भएमा आभारी हुनेछौं।

व्यापारिक प्रयोजनका लागि बिना स्वीकृति कुनैपनि रूपमा पुन: प्रकासित गर्न पाइने छैन।

**डिजाइन** : वर्ल्डवाइड प्रिन्ट सोलुसन

**चित्र:** एकाराम

**पाइने ठेगाना**
विकास सञ्चार केन्द्र
पो.व.नं. ६४६९
काठमाडौं, नेपाल
फोन: ५४६२७७

**मूल्य:** रू. ५०÷-

# विषय सूचि

**पुस्तक बारे** ........ **५**

**भूमिका** ........ **९**

**मानिस र रेडियो** ........ **११**

नेपालमा प्रसारण माध्यमको महत्व ........ १२

नेपालमा रेडियो प्रसारण ........ १६

राष्ट्रिय सञ्चार नीति ........ १८

एफएम प्रसारण प्रणाली ........ १८

**नेपालमा सामुदायिक रेडियो** ........ **२१**

सामुदायिक रेडियो ........ २२

विभिन्न देशको अनुभव ........ २३

सामुदायिक रेडियोका विशेषताहरू ........ २५

कसको लागि ? ........ २९

कसले चलाउँछ ? ........ ३०

कति फाइदा हुन्छ ? ........ ३०

व्यापारिक रेडियो र सामुदायिक रेडियोमा फरक ........ ३०

सामुदायिक रेडियोको लागि उपयुक्त परिस्थिति ........ ३२

नेपालमा सामुदायिक रेडियो किन ? ........ ३४

**सामुदायिक रेडियो स्थापना र सञ्चालन** ........ **३७**

सामुदायिक रेडियोले प्रसारण गर्ने कार्यक्रम ........ ४५

सर्वेक्षणको खाँचो ........ ४६

सामुदायिक रेडियोको लागि चाहिने यन्त्र उपकरण ........ ४८

**सामुदायिक रेडियो प्रसारकका आचार र व्यवहार ..... ५१**

- प्रसारण सञ्चालन ..... ५२
- कार्यक्रम सञ्चालनको क्रममा पालन गर्नुपर्ने आचार ..... ५५
- स्टुडियो परिसरमा पालन गर्नुपर्ने आचार ..... ५७
- स्टेसन बाहिर पालन गर्नुपर्ने आचार ..... ५८
- अख्तियारबिना विज्ञापन र रकम लिनु हुँदैन ..... ५९
- व्यापारिक विज्ञापन ..... ५९
- सामुदायिक स्टेसन र राजनीतिक स्वार्थ ..... ६०

**सन्दर्भ सूची ..... ६१**

# पुस्तक बारे

गाउँघरमा रेडियो स्टेसन खडा गर्न हिजोआज धेरै संघसंस्थाहरू जुर्मुराउन थालेका छन्। सरकारले अहिलेसम्म १२ वटा स्टेसन राख्ने अनुमति दिइसकेको छ भने काठमाडौं उपत्यकाभित्र मात्रै ६ वटा र राजधानी बाहिर पाल्पाको मदनपोखरा र रूपन्देहीको मणिग्राममा स्टेसनहरू सञ्चालन भइसकेका छन्। विराटनगरमा कोशी एफएम र हेटौंडामा मनकामना एफएमले प्रविधि परीक्षणका लागि अनुमति पाइसकेका छन्। उपत्यका बाहिर एफएम रेडियो स्टेसन खोल्न लाइसेन्सका लागि सञ्चार मन्त्रालयमा निवेदन दिइसकेका संस्थाहरूको संख्या पनि एक दर्जनभन्दा धेरै भइसकेको छ।

रेडियो तरङ्गलाई उपत्यका बाहिर लैजान खोज्नेहरूमा गाउँ विकास समिति, नगरपालिका, जिल्ला विकास समिति, सहकारी संस्थाहरू र गैरसरकारी संस्थाहरू देखिएका छन्। यस्ता सेवामुखी संस्थाहरूको पहलमा स्थापना हुन लागेका रेडियो स्टेसनहरूलाई अहिले सामुदायिक रेडियो भनेर भन्ने गरिएको छ।

साक्षरताको कमीले हाम्रो देशका धेरै मानिसले पत्रपत्रिका पढ्न सक्दैनन् र पढ्न चाहनेहरूले पनि समयमा पत्रपत्रिका पाउँदैनन्। यातायातको समस्याले राजधानीमा छापिएका पत्रपत्रिका नेपालकै अरू शहरमा समयमा पुग्दैनन्। त्यसमाथि गरिबी र दरिद्रताको पहाडले थिचिएका धेरै मानिस चाहेर पनि पत्रिका किनेर पढ्ने हैसियतमा छैनन्। शहरमा छापिने र शहरमै खपत हुने भएकाले यी सञ्चार माध्यमहरूमा आजसम्म गाउँले नेपालीको बोलीले ठाउँ पाएको छैन। आम सञ्चार माध्यममा गाउँलेको चासो र सरोकार सधैँ थिचिएको छ। त्यसमाथि, जातीय र भाषिक विविधताले पनि आम सञ्चार माध्यमको प्रभावकारितालाई खुम्च्याएको छ।

अर्कोतिर झण्डै ५० बर्ष अगाडिदेखि प्रसारण भैरहेको रेडियो नेपाल आज पनि नेपालका सबै भागमा सुनिंदैन। त्यसमाथि रेडियो नेपालका कार्यक्रमहरू जनमुखी पनि हुनसकेका छैनन्। रेडियो नेपालबाट प्रसार हुने नेपाली भाषाको समाचार समेत धेरै नेपाली भाषी श्रोताले नै बुझ्दैनन्। अझ नेपाली भाषा बोल्न नजान्ने र नबुझ्नेहरूको समस्या त आ  नो ठाउँमा छँदैछ।

त्यसैले, अहिलेका लागि यी तमाम समस्याहरूको विश्वसनीय, भरपर्दो र सजिलो विकल्प एफएम रेडियो नै हो। तर गाउँघरका मानिसले आज पनि रेडियो भन्नासाथ प्राय:

आधा शताब्दिदेखि प्रसारण भैरहेको रेडियो नेपाल बुझ्दछन्। एकपल्ट राजधानी आइपुगेका गाउँलेहरूले एफएम भन्नासाथ काठमाडौंमा चलेका अधिकांश अल्लारे एफएम बुझ्दछन्। रेडियोबाट गीत गाउन र बोल्न पाइन्छ भन्ने कुरा मात्र बुझेका गाउँलेहरू आ नो गाउँमै रेडियो स्टेसन राख्ने कुरा गर्दा रमाइलो मानेर त्यसको समर्थन गर्छन्। तर सतही ज्ञानका आधारमा गाउँलेहरूको समर्थन र बाहिरी सहायताको बलमा रेडियो स्टेसन खडा गर्न खोज्ने अधिकांश संस्थाका मानिसहरू पनि बोल्न र गीत गाउन जानेकै भरमा मात्र रेडियो स्टेसन चल्छ भन्ने सोचेर गाउँमा रेडियो चलाउन खोजिरहेका भेटिन्छन्। गाउँघरमा काठमाडौंका अल्लारे एफएम जस्तो रेडियो स्टेसन चलाउने कि रेडियोलाई बेग्लै तरिकाले प्रयोग गर्ने भन्ने कुरामा रेडियो स्टेसन खडा गर्न अघि सर्ने अधिकांश संस्थाका मानिसहरूमा पनि स्पष्ट धारणा देखिँदैन।

एकातिर रेडियोलाई प्रविधि मात्र ठान्ने र अर्कोतिर यसलाई मनोरञ्जनको भाँडो मात्र ठान्ने दुई खालका विचारबाट नेपालमा रेडियोको लगातार दुरूपयोग भैराखेको छ। रेडियोमा स्थानीय मानिसको पहुँच नहुनु, दोहोरो सञ्चार प्रकृयाको अभ्यास नहुनु, आ नो संस्कृति, परम्परा र रितिथितिमाथिको विश्वास कमजोर हुनु, ज्ञान र सूचना पनि मानिसका आधारभूत आवश्यकता हुन् भन्ने तथ्य समाजले ग्रहण गर्न नसक्नु र रेडियो तरङ्गलाई पहुँचवालाहरूको नियन्त्रण भित्र राखेर समाज परिवर्तनको दिशामा प्रयोग गर्न नदिनु रेडियोको दुरूपयोगका उदाहरणहरू हुन्। यी उदाहरणबाट सामुदायिक रेडियो चलाउन खोज्ने संस्थाहरूले पाठ नसिक्ने हो भने समाज परिवर्तन गर्न प्रयोग हुने सशक्त साधन रेडियोको फेरि पनि दुरूपयोग हुन्छ। त्यसैले रेडियोलाई ठीक अर्थमा बुझ्नु आजको सबैभन्दा ठूलो खाँचो हो। यो कुरालाई बेवास्ता गरेर रेडियो बजाउन सकिन्छ, तर सामुदायिक रेडियो चलाउन सकिँदैन।

सूचना तथा ज्ञानको बिस्तार गर्न एफएम रेडियो आम सञ्चारको सबैभन्दा सजिलो, सस्तो र सरल माध्यम हो। तर तीन वटा आधारभूत कुराहरू नभै रेडियो स्टेसन सञ्चालनमा धेरै समस्या पर्छ। पहिलो कुरा, रेडियो सञ्चालन गर्ने संस्था सरकार र समुदाय दुबैको दृष्टिमा विश्वसनीय, स्वतन्त्र र प्रजातान्त्रिक हुनुपर्छ। दोश्रो कुरा, रेडियो स्टेसन सुसञ्चालनका लागि यन्त्र, बिजुली, टेप जस्ता सामान किन्न र स्वयंसेवा गर्नेहरूलाई अप्ठेरोमा सहयोग गर्नसक्ने साधन र श्रोतको व्यवस्थापन गर्न समुदाय सक्षम हुनु पर्दछ। तेस्रो कुरा, रेडियो सञ्चालन गर्ने समुदायभित्रै समाजलाई नयाँ दिशा दिनसक्ने क्षमतावान, लगनशील, प्रतिभाशाली र स्वयंसेवाको भावनाले दत्तचित्त कार्यक्रम प्रस्तोताहरू हुनुपर्छ।



हिजोआज सामुदायिक रेडियो स्थापना गर्नका लागि विदेशी यन्त्र, विदेशकै प्रविधि र श्रोत जुटाउन उति गाह्रो पर्दैन । तर हाम्रो देशमा विदेशीको सहयोगमा सुरु भएका कुनै पनि योजनाहरू दिगो भएका छैनन् र समुदायले त्यसबाट पाउनु पर्ने लाभ पनि पाउन सकेको छैन । सामुदायिक रेडियो सञ्चालन गर्न अघि सर्ने संस्था र समुदायले आजसम्मका यी अनुभवहरूबाट शिक्षा लिएर अघि बढ्ने हो भने नेपालका धेरै गाउँमा आ-आ नै रेडियो स्टेसनहरू चल्न सक्छन् ।

यस पुस्तकले गाउँघरमा रेडियो स्टेसन राख्न खोज्ने सेवामुखी संस्थाहरूलाई यिनै कुराहरू सोच्न, छलफल गर्न र गाउँले रेडियोको अपार सम्भावनाहरूको उपयोग गर्न सहयोग गर्नेछ भन्ने आशा गरिएको छ । यो पुस्तक गाउँले रेडियो स्टेसनहरूलाई कसरी बढी जनमुखी बनाउने भन्ने बिषयमा केन्द्रित छ । लेखकले नेपालभित्र र बाहिरी संसारको कुना कुनाका आजसम्मका अनुभवहरू समेटेर तयार पार्नु भएको यो पुस्तक नेपालीका लागि मात्र होइन, अरू देशका मानिसलाई पनि त्यत्तिकै उपयोगी हुनसक्छ ।

यो पुस्तकमा रेडियो स्टेसनसँग सम्बन्धित अरू बिषयहरू (प्रविधि, कार्यक्रम आदि) बारे संक्षेपमा मात्र चर्चा गरिएको छ । रेडियो स्टेसन आफैंमा पनि एकहदसम्म जटिल बिषय हो । सबै बिषयलाई एकै ठाउँमा समेट्दा किताब मोटो मात्रै होइन, जटिल पनि हुने भएकाले जानेरै यसो गरिएको हो । विकास सञ्चार केन्द्रले, रेडियो स्टेसनको पूर्ब तयारी, स्टेसनको प्रविधि र रेडियो कार्यक्रम बनाउने विषयमा यस्तै कामलाग्दा थप तीन वटा पुस्तक र पुस्तिका तयार पार्दैछ । तीन वटै पुस्तकहरू हामीले सकेसम्म चाँडो प्रकाशित गर्नेछौं ।

व्यस्त समयलाई बचाएर छोटो समयमै यो पुस्तक तयार पार्नु हुने लेखक विनयकुमार कसजू र पुस्तकको सम्पादन गरिदिनु हुने हेमबहादुर बिष्ट, पुस्तकलाई यो आकर्षक रूप दिने दिलीप मुनंकर्मी र रेखाचित्रहरू तयार पारेर सहयोग गर्नुहुने एकाराम महर्जनप्रति विकास सञ्चार केन्द्र आभारी छ । यस अवसरमा रेडियो पुस्तक श्रृंखलाका चारैवटा पुस्तक-पुस्तिका प्रकाशन गर्न विकास सञ्चार केन्द्रलाई सहयोग गर्ने डेनिस अन्तर्राष्ट्रिय सहयोग संस्था एम.एस. नेपालप्रति पनि हामी त्यत्तिकै आभारी छौं । हाम्रा गाउँघरमा हाम्रै मौलिक पहिचान सहितका रेडियो स्टेसनहरू सञ्चालन गर्न अलिकति भए पनि सहयोग पुग्यो भने यस पुस्तकमा खर्चिएको समय, सीप र साधनको सदुपयोग हुनेछ । धन्यवाद ।

विकास सञ्चार केन्द्र

# भूमिका

प्रजातन्त्रको पुनर्स्थापनापछि बनेको राष्ट्रिय सञ्चार नीतिले रेडियो तरङ्गलाई निजी क्षेत्रमा दिने लक्ष्य अनुसार राष्ट्रिय प्रसारण ऐन र नियमावली बन्यो। यसले साठी प्रतिशतभन्दा धेरै निरक्षर र दुर्गम गाउँमा बस्ने उपेक्षित जनताको विकासको लागि एउटा बाटो खोलिदियो। दक्षिण एशियामै यो एउटा अभूतपूर्व कदम थियो। तर ऐन नियम बनेको पाँच वर्ष बितिसक्दा पनि जनताको लागि चाहिने खालको सामुदायिक रेडियोको विकास गर्न पर्याप्त प्रयास हुनसकेको छैन।

जनतालाई सबल एवं आत्मसम्मानयुक्त तुल्याएर समुदायको विकास गर्ने काममा सामुदायिक रेडियोले महत्वपूर्ण भूमिका खेल्छ। यसको उदाहरण विभिन्न देशमा सञ्चालित सामुदायिक रेडियोहरूले दिइरहेका छन्। नेपालमा पनि सामुदायिक रेडियोले समुदायको विकासमा महत्वपूर्ण र प्रभावकारी काम गर्न सक्छ भन्ने कुरामा शंका छैन।

विश्वव्यापीकरणको नाममा विश्वका सञ्चार माध्यमहरू बढीभन्दा बढी नाफामुखी हुँदै गइरहेका छन्। हामीकहाँ पनि सरकारले सञ्चालन गरिरहेको रेडियो नेपाललाई आत्मनिर्भर बनाउने नाममा व्यापारमुखी बनाइँदैछ। यस स्थितिमा रेडियो नेपालले आम नेपाली जनतालाई सेवा पुऱ्याउने सेवामुखी रेडियोको दायित्व पूरा गर्न नसक्ने कुरा स्पष्टै छ।

नाफामुखी सञ्चार माध्यमहरूको बढ्दो प्रभावले गर्दा आमजनताका सूचना सम्बन्धी आवश्यकताहरू झनझन ओझेलमा पर्दैछन्। फलस्वरूप जनसेवी तथा सामुदायिक सञ्चार माध्यमको आवश्यकता झन् बढ्दैछ। आमसञ्चारका विभिन्न माध्यमहरूमध्ये रेडियो नै सबैभन्दा सजिलो, सस्तो र प्रभावकारी माध्यम भएकाले नेपालमा सामुदायिक रेडियोको महत्व निक्कै बढेको छ। सामुदायिक रेडियोले अहिलेसम्म उपेक्षित गाउँलेहरूको आवाज तथा सुखदुःखको साथी बनेर उनीहरूको जीवनस्तर उकास्न र प्रजातान्त्रिक परिपाटीलाई दरिलो बनाउन बाँकी नै छ।

सामुदायिक रेडियोको बारेमा चेतना जगाएर यसको स्थापना र सञ्चालनमा सघाउ पुऱ्याउने उद्देश्यले यो पुस्तिका तयार पारिएको हो। गाउँमा सामुदायिक रेडियो स्थापना गर्न इच्छुक उत्साही व्यक्ति र संस्थाहरू तथा सामुदायिक रेडियो प्रसारण



कार्यमा नीति निर्माणदेखि सञ्चालनका विभिन्न तहमा संलग्न व्यक्तिहरूलाई मदत गर्न सक्यो भने यो प्रयास सफल हुनेछ ।

यो पुस्तिका तयार पार्दा विभिन्न व्यक्ति र संस्थाबाट तयार पारिएका मुद्रित तथा इन्टरनेटबाट प्राप्त सामग्रीहरुको उपयोग र कुनै सामग्रीको अनुवाद समेत गरिएको छ । यसका लागि सम्बन्धित लेखक, प्रकाशक वा संयोजक संस्थाहरुप्रति आभार व्यक्त गर्न चाहन्छु । साथै पुस्तक लेख्न प्रेरित र सहयोग गर्नुहुने मित्रहरू श्री हेमबहादुर बिष्ट र श्री गोपाल गुरागाईंप्रति पनि आभारी छु । धन्यवाद ।

विनयकुमार कसजू



# मानिस र रेडियो



मानिस र अरू जीवजन्तुबीच के फरक छ ? मानिसलाई पशुबाट भिन्न बनाउने जेजति कुराहरू छन्, ती कुराहरू भाषा नभएको भए सम्भव हुने थियो होला त ? भाषा नभएको भए मानव सभ्यता आजको अवस्थामा आउन सक्थ्यो होला ?

मानिसले भाषाको माध्यम पाएको हुनाले नै उसले आफ्नो अनुभव, ज्ञान र सीप अर्को पुस्तालाई हस्तान्तरण गर्नसकेको हो। अनुभव, ज्ञान र सीप एकले अर्कोलाई फैलाउन सकेको हुँदा मानिस सभ्य र अरू जीवभन्दा भिन्न, उन्नत र विकसित हुँदै गएको हो।

अनुभव, ज्ञान र सीप फैलाउने काम हजारौँ वर्षसम्म मौखिक रूपमा भएपछि लिपिको आविष्कार भयो। फलस्वरूप, ज्ञानलाई टाढाटाढासम्म पुऱ्याउन, विभिन्न पुस्तामा फैलाउन र जोगाएर राख्न सकिने भयो। तर छापाखानाको आविष्कार नहुँदासम्म ज्ञान फैलाउने गति निकै ढिलो थियो। संसारभरि वर्षमा एक हजार थानभन्दा धेरै किताब छापिँदैन थियो।

झण्डै साढे पाँच सय वर्षअघि जर्मनीमा आधुनिक छापाखानाको आविष्कार भएपछि ज्ञान फैलाउने गति ऱ्यात्तै बढ्यो। संसारभरि एकै दिनमा हजारौँ थान किताब छाप्न सकिने भयो। मानिसले हजारौँ वर्ष लगाएर सँगालेको ज्ञान थोरै समयमै हजारौँ मानिसकहाँ पुग्न थाल्यो। फलस्वरूप, औद्योगिक तथा वैज्ञानिक आविष्कारको युग प्रारम्भ भयो। मानिसले अब खेतीपातीमा मात्र भर पर्नुपरेन। कलकारखानाको विकास भयो।

औद्योगिक युग सुरु भएपछि मानिसलाई चाहिनेभन्दा बढी उत्पादन हुनथाल्यो। मालसामान बेच्न नयाँनयाँ देशहरूको खोजी हुनथाल्यो। विश्व बजारको खोजी गर्ने सिलसिलामा उपनिवेशहरू जन्मे। मानिसलाई मालसामानको दरभाउ, बजार र देशविदेशको खबर नभै कामै नचल्ने अवस्था आयो। फलस्वरूप, युरोपमा सत्रौं शताब्दिको पहिलो दशकमा अखबार वा पत्रकारिताको जन्म भयो। श्रुतिपरम्परा वा पुस्तकले भन्दा अखबारले अनुभव, ज्ञान र सीपलाई ताजा र आकर्षक ढंगले प्रेषित गर्न थाल्यो। उद्योगी, व्यापारी तथा राजनीतिक व्यक्ति तथा सरकारको सेवामा पत्रकारिता निकै उपयोगी साबित भयो।

उन्नाइसौं शताब्दिको आखिरतिर वैज्ञानिकहरूले तारको सहायताबिना एक ठाउँदेखि अर्कोठाउँसम्म सन्देश पुऱ्याउने प्रयास गर्न थालिसकेका थिए। तर उनीहरूको खोज अहिलेको जस्तो एक ठाउँबाट प्रसारण गरेको कुरा असंख्य श्रोताहरूले सुन्ने आधुनिक आमसञ्चार माध्यम रेडियोको लागि थिएन। उनीहरू त धेरै टाढा बस्ने दुई व्यक्ति वा दुई ठाउँबीच सञ्चार गर्ने टेलिफोनजस्तो माध्यमको खोजीमा थिए। जे होस्, बेतार माध्यमको खोज पछि गएर प्रसारणजस्तो अत्यन्त उपयोगी आमसञ्चार माध्यमको आविष्कारमा परिणत भयो।



सन् १८९५मा इटलीका गुग्लिएल्मो मार्कोनीले विना तार रेडियो तरङ्गको माध्यमले संकेत पठाउने र प्राप्त गर्ने प्रविधि पत्ता लगाए। यो प्रविधिमा अनेकौं सुधार गरेपछि सन् १९०६ मा रेडियो सेटबाट मानिसको बोली र संगीत प्रसारण गर्न सकिने भयो। हावापानी र घामजस्तै हाम्रो वरिपरि आँखाले नदेखिने रेडियो तरङ्ग विद्यमान छ र यसलाई उपयोग गरेर निमेषभरमै टाढाटाढासम्म सन्देश पठाउन र पाउन सकिन्छ भन्ने पत्ता लाग्यो।

सन् १९२० देखि अमेरिकामा नियमित रूपमा रेडियो प्रसारण सुरु भयो। यसरी अति छिटो एकैचोटि असंख्य मानिसहरूकहाँ पुग्नसक्ने अत्यन्त प्रभावकारी साधन मानिसको हातमा पऱ्यो। वास्तवमा यही रेडियो तरङ्गका विविध रूप र प्रकारहरूको उपयोग गरेर मानिसले सञ्चार भू-उपग्रहदेखि इन्टरनेटसम्म चलाउन सकेको छ। मानव सभ्यताको विकासमा रेडियोले खेलिरहेको भूमिकालाई थोरै शब्दमा वर्णन गर्न सकिँदैन।

दश पन्ध्र वर्षअघिसम्म कोठाको भित्ताका टाँडमा, टेबुलमाथि फूलदानीले सजिएर वा दराजभित्र सुरक्षित भएर बस्ने गह्रुँगो रेडियो अहिले आएर तपाईं हाम्रो गोजीभित्रै अटाउन थालेको छ। यसको स्वर पनि झन सुरिलो भएको छ। टेलिभिजन आएपछि रेडियो हराउँछ भनिन्थ्यो, तर अहिले घरघरमा टेलिभिजन, कम्प्युटर र इन्टरनेट आएपछि पनि यसको महत्व हराएको छैन। अमेरिकामा खेत जोत्ने किसानको ट्र्याक्टरमा मात्र होइन नेपालमा बारी जोत्ने किसानको हलोको अनौँमा झुण्डिएर पनि रेडियोले गीत, संगीत र किसानलाई चाहिने जानकारी र ज्ञान दिएर सघाइरहेको छ। धनी, गरीब, बूढाबूढी, तन्नेरी, किशोर, केटाकेटी सबैलाई चाहिने खुराक, ज्ञान, सूचना, शिक्षा, मनोरञ्जन, आर्थिक अवसर र प्रेरणा दिएर रेडियोले सबैलाई मख्ख पारिरहेको छ। रेडियो मानिसको अभिन्न साथीजस्तै बनिसकेको छ।

रेडियो यसरी लोकप्रिय र उपयोगी हुनुका विभिन्न कारण छन्। किताब वा अखबारमा छापिएको कुरा पढ्न र बुझ्न अक्षर चिनेको वा साक्षर हुनुपर्छ, तर रेडियोले बोलेको कुरा बुझ्नका लागि भाषा बुझे पुग्छ, अक्षर चिन्नु पर्दैन। किताब वा अखबारलाई छापिने वा प्रकाशित भएको ठाउँबाट बोकेर अर्को ठाउँमा पुऱ्याउनु पर्छ तर रेडियो स्टेसनले प्रसार गरेको कुरा गोजीमा बोकेको वा भित्तामा झुण्डयाएको रेडियोबाट तत्कालै सुन्न सकिन्छ। किताब वा अखबारले गीत सुनाउन सक्तैन तर रेडियो भिर्दै मानिस गीत सुन्न र गाउन मात्र होइन, त्यही गीतको तालमा नाच्न पनि सक्छ।

अरू आमसञ्चार माध्यमको दाँजोमा रेडियो सस्तो छ। टेलिभिजन स्टेसन स्थापना र सञ्चालन गर्न जति खर्च लाग्छ, त्यसको तुलनामा रेडियो स्टेसन स्थापना र सञ्चालनको

खर्च साह्रै थोरै लाग्छ। हिजोआज एउटा राम्रो दैनिक अखबार चलाउनुभन्दा रेडियो स्टेसन चलाउनु सजिलो र सस्तो पर्न थालेको छ। टेलिभिजन सेटको मोलको दाँजोमा पनि रेडियो सेट साह्रै सस्तो छ। एफएम, मिडियम वेभ र सर्ट वेभ स्टेसन समेत सुन्न सकिने रेडियो सेट हिजोआज १०० रूपैयाँमै पनि किन्न सकिन्छ, जबकि एउटा दैनिक अखबारको वार्षिक शुल्क बाह्र सय रूपैयाँभन्दा धेरै पर्छ।

रेडियो स्टेसन स्थापना र सञ्चालन गर्न पनि सस्तो, रेडियो सेट पनि सस्तो र छरितो, तुरुन्तै जताततै पुग्ने, चलाउन सजिलो अनि काम गर्दागर्दै पनि सुन्न सकिने रेडियो सञ्चार प्रणाली नेपालजस्तो बाटोघाटोको दुःख भएको र पढ्नसक्ने मानिस थोरै भएको देशको लागि अत्यन्तै उपयोगी र प्रभावकारी आमसञ्चार माध्यम हो भन्ने कुरामा शंका छैन। समाजमा परिवर्तन ल्याउनका लागि यो अति सस्तो र उपयोगी माध्यम हो। यो माध्यमलाई निरक्षरहरूलाई पनि साक्षर र शिक्षित बनाउने काममा उपयोग गर्न सकिन्छ।

## नेपालमा प्रसारण माध्यमको महत्व

प्रजातन्त्रबिना विकास हुन सक्तैन र विकासबिना प्रजातन्त्र दिगो हुन सक्तैन। तर जनता बलियो नभई प्रजातन्त्र र विकास दुबै हुन सक्तैन। मानिसलाई बलियो बनाउने मूल तत्व चेतना हो। शिक्षा, ज्ञान, जानकारी र सूचनाले चेतना बढाउँछ। मानिसलाई सूचित, शिक्षित र सचेत बनाउने काम सञ्चारले गर्छ। सञ्चारको विकास नभएको भए मानिसको विकास आजको जस्तो हुने थिएन। सञ्चार प्रविधिहरूको विकासले गर्दा मानव सभ्यता आजको स्थितिमा आइपुगेको हो।


नेपालमा प्रजातन्त्रको लागि अखबारजस्ता आमसञ्चार माध्यमहरूले महत्वपूर्ण भूमिका खेले तापनि तिनको क्षेत्र राजधानी र केही ठूला शहरहरूमा बस्ने शिक्षित, खास गरी राजनीतिमा रुचि लिने वर्गमा सीमित छ। अखबार जस्ता आमसञ्चार माध्यमहरूले जनताको जीवनस्तर उकास्नको लागि खेल्नुपर्ने महत्वपूर्ण भूमिका खेल्न सकेका छैनन्। गाउँगाउँमा, दुर्गम क्षेत्रमा अखबार पुग्दैन। यसका विभिन्न कारणहरू मध्ये निरक्षरता, भौगोलिक विकटता, आर्थिक दुरावस्था, जातीय, भाषिक एवं सांस्कृतिक विविधता आदि प्रमुख कारण हुन्। यसैले छापा माध्यमभन्दा प्रसारण माध्यम नेपालजस्तो देशको लागि उपयोगी हुने कुरा नेपालजस्तै अरू देशको अनुभवले सिद्ध गरेको छ।

सरकारले चलाएको रेडियो र टेलिभिजका आ नै सीमा र वाध्यता छन्। टेलिभिजन महँगो छ। बिजुली नभई चल्दैन। अहिलेसम्म नेपालका सैकडा १५ घरमा मात्रै विजुली

पुगेको छ । तर विजुली पुगेका सबै घरमा टेलिभिजन सेट पुगेका छैनन् । नेपाल टेलिभिजनको प्रसारण अहिलेसम्म सञ्चार भू-उपग्रहमार्फत हुनसकेको छैन । यसैले यसको पहुँच साह्रै सीमित छ ।

रेडियो नेपाल देशको शतप्रतिशत भागमा सुन्न सकिन्छ भन्ने दाबी गरे तापनि अहिले पनि यो पञ्चायत कालमा जस्तै सरकारी प्रचार माध्यमको रूपमा सीमित छ । देशमा प्रजातन्त्र आए पनि यसले आ ना श्रोतालाई प्रजातन्त्रको अनुभूति दिलाउन सकेको छैन । जुन पार्टीको सरकार बन्यो त्यही पार्टी वा सरकारमा बस्नेहरूको गुण गाउनुपर्ने, सरकार र पार्टीका गलत कामहरूको पनि ढाकछोप गर्नुपर्ने, पार्टीका कार्यकर्ताहरूलाई पाल्नुपर्ने, तथा श्रोतालाई होइन, हाकिमलाई खुशी पारेर जागिर जोगाउनु पर्ने आदि परम्परा र वाध्यताहरूले गर्दा रेडियो नेपालको सदुपयोग हुनसकेको छैन ।

क्षमताको हिसाबले रेडियो नेपाल देशको सबैभन्दा छिटो र सबैभन्दा धेरैजनासम्म पुग्नसक्ने माध्यम हो । तर यसको क्षमताको उपयोग जनताको जीवनस्तर उकास्न, विकास र प्रजातन्त्रलाई दिगो बनाउने काममा आवश्यक मात्रामा हुनसकेको छैन । व्यापारिक विज्ञापनको आम्दानीले बाँच्नुपर्ने वाध्यताले गर्दा रेडियो नेपालको जनसेवी प्रसारणको भूमिका गौण हुँदै गएको छ ।



सञ्चार तथा सूचना प्रविधिको अद्भूत विकासले गर्दा साधन र सम्पति भएका नेपालीहरूले नेपालकै दुर्गम गाउँमा बसेर पनि सञ्चार भूउपग्रहको माध्यमबाट विश्वका ताजा घटना हेर्न र सुन्न सक्छन्। जुम्लाजस्तो दुर्गम जिल्लामा पनि स्याटेलाइट टिभि र इन्टरनेट पुगिसकेको छ। तर तिनै दुर्गम जिल्लाका जनतालाई नभइ नहुने शिक्षा, स्वास्थ्य, कृषि, सरसफाइ, वातावरण जस्ता आधारभूत जानकारी पाउने प्रभावकारी साधन भने अझै पनि उपलब्ध छैन। जनतालाई चाहिने आधारभूत ज्ञान र जानकारी पुऱ्याउने काम नाफामुखी वा व्यापारिक सञ्चार माध्यमहरूले गर्दैनन्। यसको लागि कि त सरकारले नै सेवामुखी सञ्चार माध्यम चलाउनुपर्छ कि जनताले नै चलाउनुपर्छ। वास्तवमा जनताको आवाज बोल्ने, जनताको लागि बोल्ने, जनताको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउने तथा विकास र प्रजातन्त्रलाई जनताको घरदैलोमा पुऱ्याई मजबुत पार्ने जनसेवी प्रसारणको आवश्यकता छ।

## नेपालमा रेडियो प्रसारण

नेपालमा रेडियो प्रसारणको प्रारम्भ कहिले भयो भन्ने कुरा अझै पनि खोजी गर्नु पर्ने विषय हो। विक्रम सम्बत २००३ साल माघमा काठमाडौंको बिजुली घरबाट नेपालमा रेडियो प्रसारणको आरम्भ भएको हो भन्ने तथ्यहरू त्यसबेलाको गोरखापत्रमा छापिएका छन्। तर अहिलेसम्म प्रसारण भैरहेको रेडियो नेपालको इतिहास चाहिँ २००७ सालको प्रजातान्त्रिक आन्दोलनसँग जोडिएको छ। सर्वप्रथम २००७ साल मंसिरमा विराटनगरबाट "प्रजातन्त्र नेपाल रेडियो" नामबाट राणा शासन विरोधी जनक्रान्तिको लागि तारिणीप्रसाद कोइरालाले रेडियो प्रसारण थालेका थिए। प्रजातन्त्र आएपछि विराटनगरबाट तिनै सामानहरू ल्याई २००७ साल चैत २० गतेदेखि "रेडियो नेपाल" को प्रसारण सुरु भएको हो। सुरुमा यसले दिनको साढे चार घण्टा प्रसारण गर्थ्यो भने हाल दिनको १५ घण्टा र बिदाको दिनमा १७ घण्टा प्रसारण गरिरहेको छ।

तीस वर्षको पञ्चायती शासन कालभरि रेडियो नेपाल अप्रजातान्त्रिक व्यवस्थालाई बलियो बनाउने काममा समर्पित भए तापनि देशको विकट भौगोलिक स्थिति, यातायातको कठिनाइ, निरक्षरता, आर्थिक दुरावस्था आदि कारणले गर्दा आमसञ्चारका अरू माध्यमभन्दा रेडियो नेपाल सबैभन्दा धेरै प्रभावकारी रह्यो। सन् १९९७ मा रेडियो नेपालले बेलायती सहयोगमा गरेको रेडियो स्वामित्व र श्रवण सम्बन्धी राष्ट्रिय सर्वेक्षण अनुसार, नेपालमा रेडियो सुन्ने दश जनामध्ये नौ जनाले रेडियो नेपाल सुन्ने गरेका छन्। सर्टवेभ प्रसारण देशको शतप्रतिशत भागमा र मिडियमवेभ ८० प्रतिशत भूभागमा सुन्न सकिन्छ भन्ने रेडियो नेपालको दाबी छ।

२०४१ सालसम्म रेडियो नेपाल सरकारको एउटा विभागको रूपमा थियो । २०४१ सालमा रेडियो प्रसार विकास समिति गठन भएपछि यसले आ नो खर्च आफैं कमाउनु पर्छ भनियो । फलस्वरूप रेडियो नेपालले व्यावसायिक विज्ञापन प्रसारण गरेर आम्दानी बढाउनेतिर लाग्नुपऱ्यो । जनसेवी प्रसारणलाई व्यापारिक प्रसारणतिर धकेल्ने यो एउटा मोड थियो ।

२०४६ सालको जनआन्दोलनपछि जारी गरिएको रेडियो प्रसार सेवा विकास समिति गठन आदेशमा "नेपाल अधिराज्यको संविधान २०४७ द्वारा प्रत्याभूत गरिएको नेपाली जनताको अभिव्यक्ति स्वतन्त्रता तथा सूचनाको हकलाई सम्मान गर्दै मुलुकको आर्थिक, सामाजिक, सांस्कृतिक तथा महत्वपूर्ण गतिविधिहरूलाई आम जनताको बीचमा पुऱ्याई नेपाल अधिराज्यको सार्वभौम सत्ता तथा अखण्डतालाई अक्षुण राख्ने र संसदीय व्यवस्थालाई संरक्षण गर्न सघाउ पुऱ्याउने किसिमका कार्यक्रमहरू प्रचलित कानुनको अधीनमा रही उत्पादन तथा प्रसारण गर्नु गराउनु समितिको कर्तव्य हुनेछ ।" भनिएको छ ।

सोही आदेशमा उल्लिखित कर्तव्य पालनका लागि समितिले गर्नुपर्ने कामहरूमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा घटेका महत्वपूर्ण गतिविधिहरूको साथै शैक्षिक तथा मनोरञ्जनात्मक कार्यक्रमहरू प्रसारण गर्ने गराउने, मुलुकको आर्थिक, सामाजिक, सांस्कृतिक, साहित्यिक, धार्मिक एवम् कलात्मक पक्षहरूको जगेर्ना तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउने किसिमका कायक्रमहरूको उत्पादन गरी प्रसारण गर्ने गराउने, विभिन्न क्षेत्र, जाति, भाषा, धर्म, वर्ग तथा सम्प्रदायका बीच भावनात्मक एकता अभिवृद्धि गर्ने किसिमका कार्यक्रमहरूको उत्पादन गरी प्रसारण गर्ने गराउने भनी तोकिएको छ ।

यो आदेशले तोकेको कर्तव्य पालनको दृष्टिले रेडियो नेपाल वास्तवमा श्री ५ को सरकारको जनसेवी राष्ट्रिय प्रसारण निकाय (Public Service National Broadcasting Appratus) हो भन्ने देखिन्छ । समितिको सञ्चालक समितिको अध्यक्ष तथा कार्यकारी निर्देशक श्री ५ को सरकारद्वारा नियुक्त गरिने व्यवस्थाबाट पनि यही कुरा प्रमाणित हुन्छ । तर त्यही गठन आदेशमा समितिको काम कर्तव्य र अधिकार अन्तर्गत बुँदा (ङ) मा "रेडियो प्रसार सेवालाई स्वावलम्बी बनाउन विज्ञापन सेवालाई व्यापारिक दृष्टिकोणबाट सञ्चालन गर्ने ।" भनिएको छ ।

आर्थिक वर्ष २०५६÷५७ मा रेडियो नेपालको कुल बजेट १७ करोड ४६ लाख ५० हजारमध्ये सरकारले विजुली खर्च बापत तीन करोड रूपैयाँ मात्र अनुदान दिएको थियो । बाँकी सबै त्यसले विज्ञापन र प्रायोजित कार्यक्रमबाट उठाउनु परेको थियो ।



प्रजातन्त्रको पुनर्स्थापना पछि प्रसारणको क्षेत्रमा सरकारको मनोमानी अन्त्य भयो। राष्ट्रिय प्रसारण नीति २०४९ ले एफएम प्रसारण प्रणालीलाई निजी क्षेत्रमा दिने नीति लिएपछि पहिलो एफएम प्रसारण पनि रेडियो नेपालले नै सुरु गर्‍यो। सरकारको नियन्त्रणमा रहेर पनि रेडियो नेपाल दिनदिनै नाफामुखी हुँदै गइरहेको यो सबैभन्दा पछिल्लो उदाहरण हो। गाउँमा बस्ने किसानहरूको विकाससँग सम्बन्धित कार्यक्रम प्रसारण गर्न रेडियो नेपालले लिने गरेको चर्को शुल्कले पनि स्पष्ट पार्दछ – रेडियो नेपाललाई जनसेवी प्रसारणको रूपमा सञ्चालन गर्नुपर्ने आ नो दायित्वबाट सरकार पन्छिँदैछ।

## राष्ट्रिय सञ्चार नीति

प्रजातन्त्रको पुनर्स्थापना पछि जनताका सुसूचित हुने हकको आवश्यकता महसुस गरेर २०४९ सालमा राष्ट्रिय सञ्चार नीति बन्यो। सो सञ्चार नीतिले निजी क्षेत्रमा प्रसारण गर्न अनुमति दिने नीति तर्जुमा गरेपछि सोही नीति अन्तर्गत राष्ट्रिय प्रसारण ऐन २०४९ बन्यो। ऐनलाई कार्यान्वयन गर्न राष्ट्रिय प्रसारण नियमावली २०५२ बने पछि नेपालमा रेडियो प्रसारणमा रहेको सरकारको एकाधिकारको कानूनी हिसाबले अन्त्य भयो। उक्त ऐन र नियमावलीले कुनै पनि संस्था वा व्यक्तिले फ्रिक्वेन्सी मोडुलेसन (एफएम) प्रसारण प्रणाली उपयोग गरी रेडियो प्रसारण गर्न सक्ने व्यवस्था गरेको छ।

राष्ट्रिय सञ्चार नीति २०४९ अन्तर्गत प्रसारण सम्बन्धी नीतिमा भनिएको छ :

- सरकारी स्वमित्वमा सञ्चालित प्रसारण संस्थाहरूबाट प्रसारण गरिने कार्यक्रमहरू राष्ट्रिय सेवा र व्यापारिक सेवा गरी दुई सेवामा सञ्चालन गर्ने।
- क्षेत्रीय प्रसारणको अवधारणा लिई क्रमिक रूपले विभिन्न राष्ट्रिय भाषाहरूमा कार्यक्रम प्रसारण गर्ने।
- रेडियो र टेलिभिजनबाट प्रसारण हुने कार्यक्रमहरूको उत्पादनमा निजी क्षेत्रको सहभागिता बढाउँदै लैजाने।
- प्रसारण ऐन अन्तरगत रही निजी क्षेत्रका संगठित संस्थाहरूलाई पनि निश्चित क्षेत्रमा फ्रिक्वेन्सी मोडुलेसन (एफएम) प्रसारण प्रणाली स्थापना गरी शिक्षाप्रद र मनोरञ्जनात्मक कार्यक्रम प्रसारण गर्न दिने।

## एफएम प्रसारण प्रणाली

एफएम प्रसारण प्रणाली रेडियो प्रसारण प्रणालीका विविध प्रविधिहरूमध्ये नयाँ, सस्तो र सरल प्रविधि हो। रेडियो तरङ्ग विभिन्न प्रकारका हुन्छन्, जस्तै लङ्ग वेभ,



मिडियम वेभ, सर्ट वेभ, माइक्रो वेभ आदि । पुराना रेडियो सेटहरूमा सर्ट वेभ र मिडियम वेभका मिटर व्याण्डहरू हुन्छन् । कुनैकुनैमा लङ्ग वेभ पनि पाइन्छ । मिडियम वेभलाई ग्राउण्ड वेभ पनि भनिन्छ । सर्टवेभ रेडियो तरङ्ग टाढाटाढासम्म र डाँडाकाँडा नाँघेर जानसक्ने हुनाले घेरै टाढाको लागि वा अन्तर्राष्ट्रिय प्रसारणको लागि यसको प्रयोग गरिन्छ । तर यो तरङ्गलाई मौसम लगायत विभिन्न प्राकृतिक कुराहरूले प्रभाव पार्ने हुनाले यो तरङ्ग मार्फत हुने प्रसारण भरपर्दो हुँदैन र एकनासको र राम्रो सुनिँदैन । यो प्रसारण प्रविधि धेरै महँगो पनि हुन्छ । प्रसारण ऐन र नियमावलीमा पनि सर्टवेभ र मिडियम वेभमा नीजि क्षेत्रलाई प्रसारण गर्ने अनुमति दिने व्यवस्था छैन ।

सर्टवेभको तुलनामा मिडियम वेभ प्रसारण प्रणाली बढी भरपर्दो भए पनि यो खालको रेडियो तरङ्ग धेरै टाढा पुग्न सक्तैन । यसलाई पनि मौसम र वरिपरिको वातावरणले प्रभाव पार्छ । सर्टवेभ र मिडियम वेभको तुलनामा एफएम प्रसारण निक्कै स्पष्ट, सरल र सस्तो प्रसारण प्रणाली हो । सानो क्षेत्रको लागि यो निक्कै उपयोगी हुन्छ । त्यसैले व्यापारिक तथा समाजसेवी कार्यक्रम प्रसारकहरूले एफएमको माध्यम रोज्छन् ।

अरू प्रजातान्त्रिक मुलुकहरूमा जनसेवी प्रसारण र व्यापारिक प्रसारणलाई छुटचाउने र व्यापारिक प्रसारणबाट बढी शुल्क लिने अनि जनसेवी प्रसारणलाई सरकारले सकेसम्म सुविधा दिने व्यवस्था छ । तर हामीकहाँ जनसेवी र व्यापारिक प्रसारणका लागि ऐन र नियममा एकै खालको ब्यवस्था भएकाले नेपालमा सामुदायिक रेडियोको राम्रोसँग बिस्तार हुनसकेको छैन ।

नेपालको जस्तै स्थिति भएका कतिपय देशहरूले रेडियो माध्यमलाई उपयोग गरेर कृषि, स्वास्थ्य, शिक्षा, वातावरण, सरसफाइ लगायत विकास र निर्माणका कामलाई द्रुत गतिले अगाडि बढाएका छन् । त्यस्ता उदाहरणहरूलाई मनन गरेर नेपालमा पनि विभिन्न निकायहरू, गैरसरकारी संस्थाहरू, स्थानीय निर्वाचित निकायहरू तथा सहकारी संस्थाहरूले समेत जनसेवी तथा सामुदायिक प्रसारण प्रणाली स्थापना गर्ने रुचि लिएका छन् । केही ठाउँमा काम पनि सुरु भइसकेको छ । कतिपयले रेडियो नेपालकै राष्ट्रिय र क्षेत्रीय स्टेसनको समय किनेर आ नो कार्यक्रम प्रसारण गरिरहेका छन् ।

गैर-सरकारी क्षेत्रमा रेडियो प्रसारणको अनुमति पाउने पहिलो स्टेसन रेडियो सगरमाथा हो । नेपाल वातावरण पत्रकार समूहले २०५२ सालदेखि चार पटक निवेदन दिएपछि २०५४ साल जेठ ५ गते सरकारले रेडियो सगरमाथा सञ्चालन गर्ने स्वीकृति दियो । तर यसको प्रसारण काठमाडौं उपत्यकामा मात्र सीमित छ ।

हुनत नेपालमा निजी क्षेत्रमा प्रसारण अनुमति दिँदा जनसेवी प्रसारण र व्यापारिक प्रसारण भनी छुटचाएर इजाजत दिने गरिएको छैन तर रेडियो सगरमाथाले सुरुसुरुमा




आफुलाई नाफा नकमाउने जनसेवी प्रसारण हो भन्ने गरेको थियो।

रेडियो सगरमाथापछि पनि काठमाडौँ उपत्यकाभित्र आधा दर्जन जति संस्थाहरूले एफएम प्रसारणको स्वीकृति पाइसकेका छन्। ती मध्ये काठमाडौँ महानगरपालिकाको मेट्रो एफएम बाहेक अरू सबै व्यापारिक उद्देश्यले प्रसारित भैरहेका छन्।

काठमाडौँ बाहिर पाल्पामा मदनपोखरा गाउँ विकास समिति र रूपन्देहीमा लुम्बीनी सूचना तथा सञ्चार सहकारीले एफएम प्रसारणको इजाजत पाएर प्रसारण सुरु गरिसकेका छन्। रेडियो लुम्बिनीले पहिलो पटक २०५६ माघ २७ गते श्रीपञ्चमीको दिनदेखि प्रसारण गरेर उपत्यका बाहिर पहिलोपल्ट रेडियो प्रसारण गर्ने श्रेय कमाएको छ भने पाल्पाको मदनपोखरा गाउँमा २०५६ साल चैत २३ गतेदेखि प्रसारण सुरु गरेर रेडियो मदनपोखराले नेपालको पहिलो गाउँले तथा सामुदायिक रेडियो हुने श्रेय लिएको छ। सुरुमा मदनपोखरा गाविसले आ नै स्रोत साधनले सामुदायिक रेडियो स्थापना गर्ने जमर्को गरेता पनि हाल यसलाई युनेस्कोले सहयोग गरिरहेको छ।

उपत्यका बाहिर विराटनगर, हेटौँडा, चितवन, पोखरा लगायत केही नगरहरूमा व्यापारिक उद्देश्यले रेडियो स्टेसन स्थापना गर्ने प्रयास भइरहेका छन्। सामुदायिक स्तरमा आधा दर्जन जति गाविस तथा गैरसरकारी निकायहरूले रेडियो स्टेसन स्थापना गर्ने प्रयास गरिरहेका छन्। नेपालमा जनसेवी प्रसारण तथा सामुदायिक रेडियो स्टेसनको स्थापना र सञ्चालन गर्न युनेस्को, पानोस, डानिडा लगायत विभिन्न अन्तर्राष्ट्रिय संस्थाहरूले सहयोग गरिरहेका छन्। नेपालमा सामुदायिक रेडियोको स्थापना, सञ्चालन, कार्यक्रम उत्पादन र प्रसारण तालिम आदि कार्यमा नेपाल प्रेस इन्स्टिच्युट, मिडिया सर्भिसेज इन्टरनेसनल, कम्युनिकेसन कर्नर, विकास सञ्चार केन्द्र, आभास, नेपाल वातावरण पत्रकार समूह, ग्रामीण विकास पाल्पा आदि संस्थाहरू संलग्न छन्।



# नेपालमा सामुदायिक रेडियो

साठी प्रतिशत जनता निरक्षर भएको, अखबारहरू राजनीतिमुखी र शहर केन्द्रित भएको, यातायातको सुविधा नभएको, भौगोलिक विकटता भएको, क्रयशक्ति कम भएको, जनजाति र भाषाभाषीको विविधता भएको नेपालजस्तो देशका जनतालाई दैनिक जीवनमा चाहिने जानकारी, सूचना र ज्ञान पुऱ्याउन रेडियो नै सबैभन्दा प्रभावकारी माध्यम हो भन्ने कुरा निर्विवाद छ। स्वास्थ्यको लागि सफा खानेपानीको व्यवस्था गर्नु जत्ति महत्वपूर्ण छ, विकासको लागि सूचना र ज्ञान पुऱ्याउनु त्यत्तिकै महत्वपूर्ण र आवश्यक छ। यो सरकारकै दायित्वभित्र पर्ने काम हो। तर आफैले चलाइरहेको रेडियो नेपाललाई समेत सरकारले आफैं कमाएर बाँच भनेर छाडेपछि सरकार स्वयं यो महत्वपूर्ण दायित्वबाट पन्छिन खोजेको देखिँदैछ। यस स्थितिमा रेडियो नेपाल जनसेवी (पब्लिक सर्भिस) नभइकन विज्ञापनमुखी हुनु स्वाभाविक छ। बजारीकरण र निजीकरणको हावाले पनि रेडियो नेपाललाई जनसेवीभन्दा बढी व्यापारिक माध्यमको रूपमा अगाडि बढ्न प्रेरित गर्दैछ। हाल काठमाडौंमा सीमित व्यापारिक प्रकृतिका एफएम स्टेसनहरूले दुर्गम एवं ग्रामीण इलाकामा बस्ने जनताका आधारभूत सूचना र ज्ञानको आवश्यकता पूरा गर्न सक्ने कल्पना पनि गर्न सकिँदैन। यस स्थितिमा जनतालाई चाहिने सूचना र ज्ञान उपलब्ध गराउने प्रभावकारी आमसञ्चार माध्यमको रूपमा समुदायले समुदायको लागि सञ्चालन गर्ने सामुदायिक रेडियोको महत्व र आवश्यकता निक्कै बढेको छ।

## सामुदायिक रेडियो

सामुदायिक रेडियो सामुदायिक सञ्चारको एउटा प्रभावकारी माध्यम हो। प्रश्न उठ्छ, सामुदायिक सञ्चार भनेको चाहिँ के त ? सामुदायिक सञ्चारको सम्बन्धमा सन् १९९५ को ३० नोभेम्बरदेखि २ डिसेम्बरसम्म फिलिपिन्समा भएको सामुदायिक सञ्चारसम्बन्धी राष्ट्रिय गोष्ठीले सामुदायिक सञ्चारको परिकल्पना र उद्देश्यबारे माकिलिङ घोषणापत्र तयार पारेको छ। माकिलिङ घोषणाले भनेको छ, "जन सबलीकरण तथा दिगो विकासका लागि सामुदायिक सञ्चार अति आवश्यक र प्रभावकारी औजार हो। सामुदायिक सञ्चारको स्वरूप र विषयवस्तुले समुदायका मानिसहरूको भावना र आकांक्षालाई प्रतिविम्बित गर्नु पर्छ। सामुदायिक सञ्चारमा पहुंच, सहभागिता र दिगोपन भन्ने कुरा कार्यक्रम र परियोजनाहरूको तहमा मात्रै होइन, तिनीहरूको वाञ्छित नतिजा अर्थात् जन सबलीकरण र सामुदायिक विकासको तहसम्म हुनुपर्छ। दिगोपन भन्दा आर्थिक स्रोतलाई मात्र जोड दिने स्रोतको उपलब्धता हो भनी ठान्नु हुँदैन। त्योभन्दा महत्वपूर्ण कुरा जनताले आ नो विकासको जिम्मा

आफैले लिनु हो । आत्मनिर्भरता र सम्मान नगुमाइकनै सामुदायिक सञ्चारद्वारा दिगोपन हासिल गर्न सकिन्छ र गरिनुपर्छ । स्थानीय र परम्परागत स्रोतको उपयोग गरेर दिगोपन प्राप्त गर्न र परनिर्भरता हटाउन सकिन्छ । खासगरी सामुदायिक सञ्चार र सामुदायिक विकासले लक्षित गर्ने उपेक्षित वर्गका लागि जनताले, जनताद्वारा जनताकै लागि सञ्चारको उपयोग गरे मात्र स्थानीय र परम्परागत स्रोत साधनलाई अधिकतम परिचालन गर्न सकिन्छ । समुदायबाट समर्थन पाउनका लागि विश्वसनीयता नभै हुँदैन । विश्वास जित्ने सबैभन्दा राम्रो उपाय हो– यस्तो सहभागितात्मक तथा उदार वातावरण तयार पार्नु जहाँ मानिसहरू आफैं जिम्मेवारी लिन तम्सन्छन्, आफैं निर्णय गर्छन् र आ नो विकासको लागि आफैले कार्यक्रम र योजनाहरू कार्यान्वयन गर्छन् । र, यो काम सञ्चार माध्यमहरूको सामुदायिकरणबाट मात्रै सम्भव छ ।

## विभिन्न देशको अनुभव

विश्वका विभिन्न देशहरूमा, खासगरी विकासशील देशहरूमा ग्रामीण समुदायको विकासको लागि सञ्चारका विभिन्न माध्यमहरूमध्ये रेडियोलाई सफलतापूर्वक उपयोग गरिएका धेरै उदाहरणहरू छन् ।

श्रीलंकामा महावेली सिंचाइ परियोजना निर्माण गर्दा त्यहाँबाट विस्थापित साठी हजार जति मानिसहरूको पुनर्वास र व्यवस्थापनको काममा रेडियोलाई सामुदायिक रूपले सफलतापूर्वक प्रयोग गरिएको थियो । महावेली सामुदायिक रेडियो (एमसीआर) महावेली परियोजनाकै एउटा अंगको रूपमा श्रीलंका ब्रोडकास्टिङ कर्पोरेसनले सञ्चालन गरेको थियो । यसले विस्थापित किसानहरूको कृषि तथा सामाजिक-आर्थिक उन्नतिको लागि महत्वपूर्ण भूमिका खेलेको थियो ।

यसको एउटा विशेषता के थियो भने यसमा रेडियोका श्रोताहरूले पनि कार्यक्रम तर्जुमा, निर्माण, रेकर्डिङ र सम्पादनमा भाग लिन्थे । सुरुमा क्षेत्रीय प्रसारण केन्द्र मार्फत हप्ताको आधा घण्टा मात्र प्रसारण हुन्थ्यो । कार्यक्रममा कृषि, पशुपालन, परिवार नियोजन, सरसफाइ र शिक्षाजस्ता कुराहरू हुन्थे ।

एमसीआरका कार्यक्रम उत्पादक तथा प्रसारकहरू स्टुडियोभित्र मात्र खुम्चिएर बस्दैनथे । उनीहरू टपरेकर्डर बोकेर गाउँगाउँमा जान्थे । गाउँलेहरूसँग कुरा गर्थे । उनीहरूको मन जित्थे । उनीहरूको परम्परागत ज्ञान र सीप उनीहरूकै स्वरमा रेकर्ड गर्थे र रेडियोबाट सुनाउँथे । धामी झाँक्रीजस्ता कुराहरूलाई पनि जनताको बीचमा तगडा छलफल गराएर रोचक, आकर्षक र शिक्षाप्रद कार्यक्रमहरू तयार पार्थे । खराब

चलन र खराब कुराहरू गाउँलेहरू आफैले पत्ता लगाउँथे। कार्यक्रम बनाउने काममा गाउँलेहरूलाई बढीभन्दा बढी संलग्न गराइन्थ्यो। उनीहरूको आवश्यकताका हरेक पक्षमाथि विचार गरिन्थ्यो।

हजारौं टापुहरू मिलेर बनेको देश फिलिपिन्समा घरघरमा पत्रिका पुऱ्याउने कठिनाइले गर्दा सानासाना द्वीपहरूमा बस्नेहरूको लागि रेडियोको प्रभावकारी उपयोग भएको छ। सामुदायिक रेडियो प्रभावकारी, सरल, सस्तो र सहभागितात्मक पनि भएकाले फिलिपिन्समा सामुदायिक रेडियोको राम्ररी उपयोग भएको छ।

यसरी फिलिपिन्समा सफलतापूर्वक सञ्चालन भइरहेको सामुदायिक रेडियोहरूको जालोको नाम हो ताम्बुली। दुर्गम गाउँहरूमा सञ्चालित १२ वटा सामुदायिक रेडियोको यो नेटवर्क सुरुमा नेताहरू र मतदाताहरूबीच सूचनाको आदान प्रदान गर्ने सहभागितात्मक सामुदायिक नेटवर्कको अवधारणा अनुसार थालिएको थियो। अहिले यो नेटवर्क सामुदायिक रेडियोको स्थापना गर्ने परियोजनाको रूपमा सञ्चालित छ।

ताम्बुली परियोजनाले सामुदायिक रेडियो स्टेसनलाई आवश्यक उपकरण र तालिम दिएर सघाउँछ। समुदायले स्टुडियो र कार्यालयको लागि घरको व्यवस्था गर्छ। सञ्चालन खर्च समुदायले जुटाउँछ। हरेक सामुदायिक स्टेसन बेग्लाबेग्लै परिषदले चलाउँछन्। परिषदमा स्थानीय विभिन्न निकायहरूको प्रतिनिधित्व हुन्छ। ताम्बुलीको जालो बिस्तार गर्न र सामुदायिक रेडियो स्टेसन सञ्चालन गर्न फिलिपिन्स सरकारको पनि योगदान छ।

अष्ट्रेलियामा आदिबासीहरूले सञ्चालन गर्ने बेग्लै रेडियो स्टेसनहरू छन्। दक्षिण अमेरिकामा किसानहरूको जीवनस्तर सुधार्ने उद्देश्यले त्यहाँका चर्चहरूले धेरै रेडियो स्टेसन चलाएका छन्। अमेरिका र युरोपका धेरै देशहरूमा विश्वविद्यालय र चर्चहरूले जनसेवी रेडियो स्टेसन चलाएका छन्।

संसारका विभिन्न देशमा समुदाय वा आम जनताको लागि जनताद्वारा चलाइएका रेडियो स्टेसनलाई विभिन्न नाम दिइएको छ। दक्षिण अमेरिकामा यसलाई लोकप्रिय शैक्षिक रेडियो भनिन्छ। अफ्रिकामा गाउँले वा स्थानीय रेडियो भनिन्छ। अष्ट्रेलियामा सार्वजनिक रेडियो भनिन्छ भने युरोपमा नागरिक रेडियो भनिन्छ। स्थापनाको उद्देश्य र त्यसलाई सञ्चालन गर्ने प्रेरणाको आधारमा यसका नामहरू फरक छन्। तिनीहरू कति स्वतन्त्र वा स्वायत्त छन् भन्ने कुरा ती देशका नियम कानुन र प्रचलनमा भर पर्छ। तर ती सबैको एउटै उद्देश्य जनताको जीवनस्तर उठाउनु हो। यसैले ती सबै जनताको रेडियो हुन्। ती सबैले प्रसारणका परम्परागत बाटो छाडेर उपेक्षित जनतालाई वाणी वा बोली दिन्छन्।



# सामुदायिक रेडियोका विशेषताहरू

**सानो क्षेत्र सुनिश्चित श्रोता :** आमसञ्चार माध्यमहरूको एउटा प्रमुख स्वभाव के हो भने यो सानो छँदासम्म पाठक वा श्रोता समूहसँग यसको नजिकको सम्बन्ध हुन्छ, आपसमा आ  नोपन हुन्छ र समूहको लागि सान्दर्भिक र उपयोगी हुन्छ। तर जतिजति यसको आकार बढ्दै जान्छ, यसले आ  नो लक्षित समूहसँगको अपनत्व र सान्दर्भिकता गुमाउँदै जान्छ। रेडियोमा यो कुरा झन बढी लागू हुन्छ।

राष्ट्रिय प्रसारण लाखौं करोडौं श्रोतासम्म पुग्न सक्षम भए पनि यसले दिन खोजेको सन्देश लक्षित समूहका सबैले एकै रूपमा ग्रहण गर्न सक्तैनन्। यस्तो रेडियोले प्रसारण गर्ने कार्यक्रम बढी औपचारिक हुन्छ। यसले भाषा, धर्म, जातजाति बीचको विविधता र स्वार्थलाई एकैपल्ट समेट्ने नाममा अनेकौं विविधिताहरूलाई नै बेवास्ता गर्न पुग्छ र नियन्त्रणकारी वा प्रभुत्वकारी भूमिका खेल्न खोज्छ। वास्तवमा राज्यको हातमा रहेको रेडियो जनताको सेवाको लागि भनिएता पनि यसले सरकारका नीति र आदेशहरूको प्रचारलाई नै मुख्य काम बनाई राखेको हुन्छ।

सानो स्तरमा सञ्चालित एफएम रेडियो स्टेसनले श्रोता र रेडियोबीचको दूरी घटाउँछ। श्रोताले रेडियोबाट प्रसारित कार्यक्रमबाट थिचिएको अनुभव गर्दैन। यस्तो रेडियो श्रोताको असल साथी बन्न सक्छ। वास्तवमा आम जनताको आवाज चर्को र प्रभावकारी ढंगले उठाउने सशक्त माध्यमको रूपमा रेडियो जतिको उपयोगी आमसञ्चार माध्यम अर्को छैन। तर सानो रूपमा निश्चित समुदायमा यसको प्रभाव र उपयोगिता बढी हुन्छ।

सानो रूपमा सञ्चालन गरिने हुनाले कुनै स्वयंसेवी संस्थाले आ  नो जनसेवी वा विकास कार्यक्रमलाई सफल पार्न पनि यस्तो रेडियो स्टेसन सञ्चालन गर्नसक्छ। रेडियो स्टेसन समुदायका सबै सदस्यको नजिकै हुने हुँदा जसलाई पनि स्टेसनमा जान र आ  नो कुरा भन्ने अवसर हुन्छ। यसले गर्दा समुदायको सहभागिता बढ्छ। जनसहभागितानै सामुदायिक रेडियोको प्राण हो।

जुन क्षेत्रका लागि प्रसारण गरिन्छ त्यो क्षेत्र सीमित वा सानो हुने हुनाले त्यहाँको भौगोलिक स्थिति, मौसम, खेतीपाती, माटो, पानी, भाषा, संस्कृति, आर्थिक गतिविधि, सामाजिक संरचना पनि मिल्दोजुल्दो हुन्छ। यसले गर्दा रेडियो कार्यक्रम सुनिश्चित रूपमा यसैले सुन्छ वा यसैको लागि हो भनेर थाहा पाइन्छ। फलस्वरूप निश्चित श्रोतालाई लक्षित गरेर कार्यक्रमको भाषा, भाका र विषयवस्तु ठम्याउन सजिलो हुन्छ र यसरी बनाईएको कार्यक्रम बढी प्रभावकारी हुन्छ।

**बोलिचालीको भाषा र शैली :** सामुदायिक रेडियो सानो क्षेत्रका लागि हुने हुनाले त्यो क्षेत्रभित्र प्राय: एउटा मात्र भाषा बोलिन्छ वा बढीमा स्थानीय दुई-तीन भाषा चलाउन सकिन्छ। निश्चितै छ, सामुदायिक रेडियोले स्थानीय जनताले बोल्ने भाषा नै प्रयोग गर्छ। स्थानीय भाषा र भाकामा कार्यक्रम प्रसारण गर्दा समुदायका मानिसहरूले अपनत्व महसुस गर्छन् र नहिच्किचाइकन कार्यक्रममा भाग लिन्छन्। अनौपचारिक ढंगले लप्पनछप्पन नगरीकन स्थानीय भाकामा भनिएका कुराहरू औपचारिक शैलीमा भनिएका कुराहरूको दाँजोमा बढी प्रभावकारी हुन्छन्। स्थानीय उदाहरण, स्थानीय उखान टुक्का प्रयोग गरेर सुपरिचित बोलीचालीको शैलीमा बोल्दा आ नै दौँतरी वा संगीसाथीले बोलेजस्तो लाग्छ। यसरी बोलेर दिइएको जानकारी, शिक्षा, ज्ञान सोझै मानिसको मुटुमा गएर बस्छ र प्रभावकारी हुन्छ। यसरी बोल्ने मानिस पछि गएर आ नै परिवारको सदस्यजस्तो लाग्नथाल्छ। यस्तो उदघोषक वा कार्यक्रम प्रसारकबाट मानिसले नयाँ विचार, नयाँ काम वा नयाँ इलम गर्ने प्रेरणा पाउँछन्।

स्थानीय भाषा, भाका र शैलीमा रेडियोले बोल्न थालेपछि श्रोताहरूले पनि आ नो कुरा आ नै भाषामा कत्ति पनि नहिच्किचाइकन रेडियोमा बोल्न थाल्छन्। यसरी रेडियो एकतर्फी नबनेर सहभागितामूलक बन्छ।

**श्रोतासहभागिता :** सरकारले चलाएको रेडियोको ढाँचाभित्र सामान्य मानिस पस्नु र अटाउनु सजिलो छैन। त्यसमा प्रसारण हुने प्राय: सबै कार्यक्रम बनिबनाउ ढाँचामा हुन्छन्। त्यसको नियन्त्रण कर्मचारीहरूको विभिन्न तहमा बाँडिएको हुन्छ। त्यहाँ श्रोताको भूमिका नगन्य हुन्छ। उसले गीतको फर्मायस गर्नसक्छ वा कार्यक्रमको तारिफमा चिठी लेख्न मात्र सक्छ।

यसको विपरीत सामुदायिक रेडियोमा जनताको सहभागिता अति महत्वपूर्ण हुन्छ। रेडियो स्थापना, नीति निर्माण, कार्यक्रमको रूपरेखा (फर्म्याट)देखि सञ्चालनका हरेक तहमा समुदायका सदस्यहरूको सहभागिता आवश्यक हुन्छ। सम्पूर्ण काममा समुदायको आवश्यकतालाई ध्यानमा राखिन्छ। स्टेसन सञ्चालन गर्ने एकदुई जना प्राविधिक र स्टुडियो सञ्चालन गर्ने व्यक्तिहरू बाहेक उद्घोषक, समाचार वाचक, कार्यक्रम उत्पादक आदि सबैजना समुदायकै सदस्यहरू हुन्छन्। प्राविधिक र स्टुडियो सञ्चालकहरू पनि समुदायकै सदस्य हुने भएकाले सहभागिताको दायरा सहज र फराकिलो हुन्छ।


गाउँको विकास निर्माणमा सक्रिय विभिन्न संघसंस्थाहरू जस्तै आमा समूह, युवा क्लव, आय आर्जन समिति, सामुदायिक बन, कृषक समूह, दूध उत्पादक समूह,





सांस्कृतिक तथा सामाजिक संस्थाहरू रेडियोमार्फत आ नो सफलता वा विफलताका कुरा सुनाउन र दिनदिनैको छलफलमा सहभागी हुन सक्छन्। समुदायका कुनै सदस्यले गरेको उपलब्धि, समुदायको लागि सान्दर्भिक घटनाको विवेचना, मनोरञ्जन, बजार भाउ, मौसम तथा स्थानीय कलाकार र प्रतिभाहरूलाई प्रोत्साहित गर्ने कार्यक्रमहरूले सामुदायिक रेडियोमा प्राथमिकता पाउँछन्।

सामुदायिक रेडियोका श्रोताहरूलाई बेलाबेलामा स्टेसनमा निम्त्याइन्छ। उनीहरूलाई स्टेसन कसरी चल्छ, स्टेसन सञ्चालनमा समुदायको स्थान र भूमिका के हुन्छ भन्ने बुझाइन्छ। उनीहरूसँग कार्यक्रमबारे छलफल गरिन्छ, सुझाव मागिन्छ र त्यो छलफल पनि प्रसारण गरिन्छ। कार्यक्रम प्रसारक तथा श्रोताहरूको उत्साह अनि दुबै पक्ष मिलेर काम गर्ने स्वतन्त्र वातावरणले सामुदायिक रेडियोलाई दिगो, उपयोगी र जीवन्त बनाउँछ। रेडियो र समुदायबीच गुरु चेला, उपदेशक र श्रोता वा नेता र समर्थककोजस्तो सम्बन्ध नभई समानस्तरको दाजुभाइ वा दौँतरीको जस्तो हुन्छ। स्टेसन





र श्रोताहरूले आ नो अनुभव, ज्ञान र सीप, समस्या र संभावित समाधान, दु:ख सुख एकअर्कासँग बाडचुँड गर्छन्। आपसी विश्वासको वातावरणमा आपसी सहयोगको आदान प्रदान हुन्छ।

सामुदायिक रेडियोमा समुदायको संलग्नता विभिन्न स्तरमा हुन्छ। समुदायलाई स्टेसनको व्यवस्थापनमा पनि संलग्न गराएर उनीहरूमा स्टेसनप्रति जिम्मेदार बनाउनु सामुदायिक रेडियोको अर्को महत्वपूर्ण काम हो। स्टेसन हाम्रो हो, हाम्रो लागि हो र यसमा प्रसारित सबै कार्यक्रमको जिम्मेदार पनि हामी नै हौँ भन्ने भावना समुदायका सदस्यहरूमा हुनुपर्छ। समुदायका सदस्यहरूको सहभागिता लगानी, व्यवस्थापन, सञ्चालन, कार्यक्रम उत्पादन, प्रसारण र मूल्यांकन सबै तहमा हुने भएकाले रेडियो स्टेसनको सुसञ्चालन, सम्भार र सुरक्षामा उनीहरू सहभागी हुन्छन्।

सामुदायिक रेडियो स्थापनाको लागि सुरुमा उपकरण र तालिमका लागि बाहिरी सहयोग आवश्यक हुनसक्छ। तर त्यसको पनि सीमा हुन्छ। पहिले नै यो कुरा स्पष्ट हुनुपर्छ। यसलाई समुदायले दिगो रूपमा कसरी चलाउने भन्ने योजना तयार पारिनु पर्छ। सहयोगी संस्थाको भूमिका र समुदायको भूमिका पहिले नै स्पष्ट हुनुपर्छ। रेडियो आ नै लागि हो र आफैले चलाउनु पर्छ भन्ने भावना नभई सामुदायिक रेडियो सफल हुन सक्तैन।

**साक्षर होइन शिक्षित :** सरकारले कृषि, स्वास्थ्य लगायत जीवनस्तर उकास्नको लागि चेतना फैलाउने उद्देश्यले जनतालाई अक्षर चिनाउन वा साक्षर बनाउन बर्षेनी करोडौं रूपैयाँ खर्च गर्ने गरेको छ। तर साक्षरताको लक्ष्य प्राप्त हुन सकेको छैन। रेडियोको माध्यमबाट जनतालाई साक्षर नबनाइकन पनि शिक्षित तथा सचेत बनाउन सकिन्छ। सबैलाई अक्षर चिनाएर पढाएर सचेत बनाउनेभन्दा यो प्रक्रिया छिटो र सस्तो पनि हुन्छ। ज्ञान प्राप्त गर्न वा शिक्षित हुन अक्षर चिन्नु नपर्ने भएपछि साक्षरहरूसमक्ष निरक्षरहरूले हीनताबोध गर्नु पर्दैन र उनीहरू पनि सम्मानसाथ शिक्षा हासिल गर्न सक्छन्। जनता आफैले सञ्चालन गर्ने हुनाले सामुदायिक रेडियोले जनतालाई सबल र स्वाभिमानी बनाउने कुरा त छँदैछ।

**सबलीकरण व्यवहारमा :** गाउँलेकै भाषा शैलीमा, गाउँलेले बोलेजस्तै बोलीचालीमा अनि गाउँकै दैनिक जीवनसँग सम्बन्धित सुखदु:ख र समस्याका कुराहरू गरेर सामुदायिक रेडियोले समुदायका उपेक्षित वर्गलाई सहभागी बनाउनु पर्छ। उनीहरूको समस्या सबैको अगाडि राखेर सामुदायिक रेडियोले उपेक्षित समुदायलाई बलियो



बनाउन महत्वपूर्ण भूमिका खेल्नसक्छ । बुट्टा भरेर भन्ने हो भने सामुदायिक रेडियोको माध्यमबाट लाटाहरू बोल्न थाल्छन्, बहिराहरू सुन्न थाल्छन् र लुला लंगडाहरू दगुर्न थाल्छन् । यदि यसलाई साँच्चिकै समुदायको उत्थानको लागि प्रभावकारी औजारको रूपमा सञ्चालन गरिएको खण्डमा यसले समुदायलाई आ  नो जीवन र भविष्यसँग सम्बन्धित सबै कुरा आफैले निर्णय गर्नसक्ने तुल्याउन प्रभावकारी काम गर्नसक्छ । वास्तवमा समुदायका सदस्यहरूको भूमिका रेडियो स्टेसनमा मात्र सीमित हुँदैन । उनीहरू समुदायको आर्थिक, सामाजिक, साँस्कृतिक, राजनीतिक लगायत विभिन्न क्रियाकलापमा सहभागी हुन थाल्छन् । फलस्वरूप समुदायको रूपान्तरणका लागि सकारात्मक वातावरण तयार हुन्छ ।

सामुदायिक रेडियोले गाउँका दिनदिनैका सुख दुःखका कुरा, जल्दाबल्दा समस्याहरू र जनजीवनलाई उकास्ने, सुखी बनाउने र व्यक्ति र समुदायको गरिमा बढाउने काम गर्छ । यसले नेताको भन्दा जनताको आवाज चर्को स्वरले सुनाउँछ ।

सामुदायिक रेडियो समुदायभन्दा बाहिरका व्यक्ति वा समूहले आएर चलाउँदैन । यसको लागि गाउँलेहरू संगठित भएर आ  नो उन्नतिको लागि आ  नै बल, बुता र औकातमा रेडियो स्टेसनको स्थापना र सञ्चालन गर्नुपर्छ । बाहिरका व्यक्ति वा निकायहरूले अलिअलि सघाए पनि सामुदायिक रेडियोको नीति निर्माण, सञ्चालन र नियन्त्रण समुदायले नै गर्नुपर्छ ।

सामुदायिक रेडियो एउटा खास क्षेत्रलाई लक्ष्य बनाएर चलाइने स्वावलम्बी संस्था हो । पत्रपत्रिका नपुग्ने र पढ्न लेख्न जान्ने मानिसहरू थोरै भएको दुर्गम, गाउँघरमा यस्तो रेडियो बढी उपयोगी हुन्छ । सामुदायिक रेडियोलाई साधन र सुविधा सम्पन्न व्यक्तिहरूले कमै मात्र मन पराउँछन् । राजनीतिक दलीय स्वार्थ, व्यापारिक वा अन्य प्रकारका स्वार्थ भएका व्यक्ति तथा निकायलाई सामुदायिक रेडियोबाट टाढै राख्नुपर्छ ।

## कसको लागि ?

वास्तवमा सामुदायिक रेडियो कानमा एयरफोन राखेर झुम्ने शहरिया तरुनी तन्नेरीका लागि होइन । यो त गाउँमा, खेत खलिहानमा, हलो जोत्दै, कोदालो खन्दै वा घाँस काट्दाकाट्दै, बारीको कान्लामा बसेर वा हलोको अनौमा रेडियो झुण्डाएर सुन्दै काम गर्ने, अखबार तथा पुस्तकबाट बञ्चित समुदायका लागि हो । यसबाट गाउँलेहरूले होहो माले होहो गर्दै, अथवा झ्याउरे र सोरठी गीत सँगसँगै आफूलाई चाहिने उपयोगी सूचना र ज्ञान प्राप्त गर्न सक्छन् ।



## कसले चलाउँछ ?

यो काम राजधानीमा बस्ने नीति निर्माताहरूले गर्दैनन् । गाउँमै बस्ने गाउँघरको सुखदु:खमा भिजेका गाउँले पत्रकारहरू, कृषि, पशुपालन, स्वास्थ्य, वनको काममा संलग्न गाउँमै कार्यरत मध्यमस्तरका प्राविधिकहरू तथा कार्यकर्ताहरू, सामुदायिक विकास कार्यक्रम र विभिन्न गैरसरकारी संस्थामा लागेका मानिसहरू, जनप्रतिनिधिहरू, सांस्कृतिक कलाकर्मीहरू एवं शिक्षकहरूले सेवाभावले समुदायको उन्नतिको उद्देश्य लिएर सामुदायिक रेडियो चलाउँछन् ।

## कति फाइदा हुन्छ ?

यो नाफा कमाउने उद्देश्यले चलाइने व्यापारिक रेडियो होइन । त्यसैले यसबाट प्रसारित हुने कार्यक्रमहरू शहर बजारका उपभोक्ताहरू र सस्ता, विदेशी मनोरञ्जन खोज्ने श्रोताहरूलाई लोभ्याएर विज्ञापन बटुल्ने र नाफा कमाउने खालका हुँदैनन् । यसमा गाउँलेहरूलाई चाहिने अति आवश्यक जानकारी, सूचना, ज्ञान र मनोरञ्जनका कुराहरू प्रसारित हुन्छन् । किसानले आफूले उब्जाएका तरकारी र अन्न इत्यादिको बजारभाउ, मौसमको हाल खबर, मल, बीउ, बिजन, कृषिका नयाँनयाँ प्रविधि, आम्दानी बढाउने, सीप सिकाउने, बातावरण जोगाउने, स्वास्थ्य सपार्ने जस्ता उपयोगी कुराहरू सामुदायिक रेडियोमा प्रसारण गरिन्छ । यसबाट गाउँलेहरूलाई चाहिने उपयोगी र अति आवश्यक बस्तुहरूको विज्ञापन सस्तोमा प्रसारण गरिन्छ । विज्ञापनबाट हुने आम्दानी रेडियो सञ्चालन र विकासमा गरिन्छ ।

## व्यापारिक रेडियो र सामुदायिक रेडियोमा फरक

सामुदायिक रेडियो आमसञ्चारका अन्य उपयुक्त साधन उपलब्ध नहुने ग्रामीण तथा दुर्गम क्षेत्रमा स्थापना गरिन्छ । व्यापारिक रेडियो ठूला शहर र नगरपालिका-हरूमा सञ्चालन गरिन्छ, किनकि त्यसले ठूला शहरमा हुने उद्योगधन्दा र व्यापारको विज्ञापन गरेर नाफा कमाउँछ । त्यस्ता विज्ञापन सुन्ने वा विज्ञापित सामान उपभोग गर्ने अधिकांश मानिसहरू शहरमै बस्छन् ।

सामुदायिक रेडियोको प्रसारण क्षेत्र सीमित हुन्छ । यो कुनै गाउँ, बस्ती वा सानो नगरमा हुनसक्छ । व्यापारिक रेडियोको प्रसारण क्षेत्र धेरै ठूलो हुन्छ । यो राष्ट्रव्यापी मात्र होइन, अन्तर्राष्ट्रिय पनि हुनसक्छ ।

सामुदायिक रेडियोको प्रसारण यन्त्र (ट्रान्समिटर) को क्षमता सीमित वा थोरै हुन्छ, जबकि व्यापारिक रेडियोमा प्रयोग गरिने ट्रान्समिटरको क्षमता धेरै हुन्छ ।



सामुदायिक रेडियोको मालिक समुदाय वा गाउँ हुन्छ। व्यापारिक रेडियो नाफा कमाउन खोज्ने कुनै व्यक्ति, समूह वा कम्पनीको स्वामित्वमा हुन्छ।

सामुदायिक रेडियोबाट के प्रसारण गर्ने र के प्रसारण नगर्ने भन्ने कुराको निर्णय समुदाय र श्रोताहरूले गर्छन् भने व्यापारिक रेडियोले के प्रसारण गर्ने, के नगर्ने भन्ने कुरा के प्रसारण गर्दा बढी श्रोता आकर्षित हुन्छन् र बढी विज्ञापन प्रसारण गरेर बढी आम्दानी हुन्छ भन्ने हिसाबले गरिन्छ। सामुदायिक रेडियोले स्थानीय घटना, कृषि, वन, वातावरण, संस्कृति, स्वास्थ्य, सीप विकास तथा विकासका अन्य कुराहरूको साथै गाउँ वा समुदायलाई गरिमामय बनाउने खालका कार्यक्रम प्रसारित गर्छ। व्यापारिक रेडियोले विज्ञापनमूलक तथा मनोरञ्जनात्मक कार्यक्रम प्रसारण गर्छ।

नाफा कमाउने उद्देश्य लिने रेडियो स्टेसनले शहरमा बस्ने मध्यम वर्गका उपभोक्तालाई ध्यानमा राखेर कार्यक्रम बनाउन थाल्छ। विज्ञापन बटुल्न उसले विभिन्न उपाय अपनाउन सक्छ। फलस्वरूप जनतालाई सूचित र शिक्षित बनाउने रेडियोको प्रमुख दायित्व पछाडि पर्छ। सामुदायिक रेडियो मूलतः आ नो समुदायको उन्नति र प्रगतिमा केन्द्रित हुन्छ। जस्तै :

- समुदायका सदस्यहरूलाई उपयोगी एवं आवश्यक जानकारी वा सूचना उपलब्ध गराउनु।
- श्रोताहरूलाई आ नो मनको कुरा वा विचार पोख्ने, अभिव्यक्त गर्ने अवसर उपलव्ध गराउनु।
- गाउँवासीहरूलाई आपसमा नजिक ल्याएर सामुदायिकता वा एकताको भावना जगाउनु।
- आत्मसम्मान जगाउनु र समाजमा प्रत्येक व्यक्तिको इज्जतपूर्ण स्थानबारे बोध गराउनु।
- रेडियोका श्रोताहरूलाई केवल उपभोक्ता वा श्रोता मात्र नबनाएर उनीहरूलाई कार्यक्रम उत्पादनमा सहभागी, उत्पादक, रेडियो प्रसारण व्यवस्थापनमा सहभागी तथा निर्णायक समेत बनाउनु।
- समुदायको भौतिक एवं सांस्कृतिक विकास गर्नु।
- रैथाने र परम्परागत ज्ञान र सीपको विकास गर्नु।
- गाउँलेहरूको दक्षता र आम्दानी बढाउन सघाउनु।
- गाउँलेहरूबीच आ नो दैनिक जीवन र भविष्यलाई प्रभाव पार्ने हरेक कुराबारे छलफल गर्न र निर्णय गर्नसक्ने बनाउनु।
- समग्रमा गाउँलेको जीवन स्तर उकास्न र गरिमामय बनाउन सक्रिय भूमिका खेल्नु आदि।

# सामुदायिक रेडियोको लागि उपयुक्त परिस्थिति

**भौगोलिक स्थिति :** स्टेसन यस्तो ठाउँमा हुनुपर्छ, जहाँबाट बोलेको कुरा समुदायका सबै मानिसले सुन्न सकुन् र समुदायका मानिसलाई स्टेसनमा जान आउन सजिलो होस्। कमसेकम १० देखि २५ हजारसम्म मानिसहरूले सुन्न सकुन् भन्ने कुरालाई बिर्सन हुँदैन।

**सञ्चारका पूर्वाधार :** अखबार र टेलिभिजन नपुगेको ठाउँमा सामुदायिक रेडियो बढी उपयोगी र प्रभाबकारी हुन्छ भन्ने कुरालाई पनि हेक्का राख्नु पर्छ तर सञ्चारका कुनै पूर्वाधार (जस्तो टेलिफोन) नभएको वा धेरै टाढा भएको ठाउँबाट पनि सामुदायिक रेडियोले चाहिने जति जानकारी प्रवाह गर्न सक्दैन।

**सामाजिक संस्था :** सामुदायिक रेडियो सञ्चालन गर्न इच्छुक एवं उत्प्रेरित गाउँ विकास समिति, समुदायको प्रतिनिधित्व गर्ने कुनै गैरसरकारी संस्था वा समान उद्देश्य भएका सामुदायिक गैरसरकारी संस्थाहरूले मिलेर सामुदायिक रेडियो चलाउन सक्छन्।

**स्थानीय स्रोत र साधन :** रेडियो स्टेसन सञ्चालन गर्नका लागि चाहिने मानव तथा भौतिक साधन (जनशक्ति, जग्गाजमिन वा घर) को व्यवस्था गर्न समुदाय इच्छुक हुनुपर्छ र यस्ता कामको लागि अरूको मुख ताक्ने हो भने सामुदायिक रेडियो स्टेसन चल्न सक्दैन।

**स्थानीय समस्या र समाधान बारे चेतना :** आ नो समस्या आफैंले बुझ्ने, बिश्लेषण गर्ने र त्यसलाई समुदाय आफैंले समाधान गर्ने तत्परता देखाउनु पर्छ र त्यसका लागि सकारात्मक उपाय र विचार अघि सार्न सक्षम हुनुपर्छ।

**सामुदायिक अन्तर्क्रिया :** समुदायमा आपसमा छलफल गर्ने परम्परा हुनुपर्छ।

**सांगठनिक ढाँचा :** भौगोलिक, सामाजिक, सांस्कृतिक तथा सामुदायिक परम्परा अनुसार हरेक समुदायले रेडियो स्टेसन स्थापना र सञ्चालन गर्ने आ नै खाले सांगठनिक ढाँचा बनाउन कोसिस गर्नुपर्छ। अहिलेसम्म रेडियो सञ्चालन गर्न प्राय:जसो तीन तहको सांगठनिक ढाँचा बनाइएको पाइन्छ।

पहिलो तहमा समुदायको भौगोलिक, जातीय, आर्थिक, लैंगिक, सांस्कृतिक, धार्मिक आदि सबै पक्षको प्रतिनिधित्व भएको वा सबै पक्षलाई समेट्ने परिषद गठन गरिन्छ। परिषदले आ नो उद्देश्य निर्धारित गर्छ र ती उद्देश्य प्राप्त गर्न रेडियोलाई कसरी उपयोग गर्ने भन्ने नीति र कार्ययोजना बनाउँछ। रेडियोको स्वामित्व यही परिषदसँग हुन्छ। गाउँ विकास समिति वा नगरपालिकाले सञ्चालन गर्ने रेडियो स्टेसनको सम्बन्धमा ती निकायहरू समुदायका विविध क्षेत्रबाट निर्वाचित निकाय भएको हुँदा तिनैले परिषदको काम गर्न पनि सक्छन्। परन्तु दलीय राजनीतिको प्रभाव कम गर्न स्थानीय निकायले विभिन्न पक्षको प्रतिनिधित्व हुने गरी बेग्लै रेडियो वा सञ्चार परिषद पनि गठन गर्न सक्छ।

दोस्रो तहमा परिषदले तोकेको नीति र कार्ययोजनालाई कार्यान्वित गर्न एउटा व्यवस्थापन समिति हुन्छ। व्यवस्थापन समितिमा परिषदले चुनेका वा तोकेका वा गाविस वा नगरपालिकाले मनोनित गरेका व्यक्तिहरू (समाजसेवी, प्राविधिक, विशेषज्ञ, सञ्चारकर्मी तथा समाजका जिम्मेदार व्यक्तिहरू) रहन्छन्। दैनिक रेडियो स्टेसन



**परिषद**



**व्यवस्थापन समिति**



**सल्लाहकार तथा स्वयंसेवी**



सञ्चालनको जिम्मा यही समितिको हुन्छ । समितिले आफूमध्येबाट वा बाहिरबाट एकजना स्टेसन व्यवस्थापक मनोनित गर्छ । आर्थिक व्यवस्थापनको जिम्मा पनि यही समितिको हुन्छ । समितिले स्टेसन सुचारु रूपले सञ्चालन गर्नको लागि स्टेसन व्यवस्थापकलाई सघाउन अन्य कर्मचारी र स्वयंसेवकको व्यवस्था गर्छ । सामुदायिक प्रसारणलाई बढी उपयोगी र प्रभावकारी बनाउन समितिले अरू संघसंस्थाहरू, सरकारी एवं गैरसरकारी निकायहरू, समाजमा योगदान दिने विविध क्षेत्रका व्यक्तिहरू तथा समुदायको विकासको कुनै विशेष फाँटमा काम गरिरहेका संस्था तथा व्यक्तिहरूको सहयोग लिनसक्छ । साथै समितिले विभिन्न विषय र कामको लागि उपसमितिहरू गठन गर्नसक्छ ।

तेस्रो तहमा व्यवस्थापन समितिलाई सल्लाह दिन र नीतिसम्बन्धी व्याख्या गर्न र अन्य प्रकारका सहयोग दिन परिषदले सल्लाहकार समिति गठन गर्नसक्छ । सल्लाहकार समितिमा समुदायका विभिन्न जाति, धर्म, वर्ग, लिंगको उचित प्रतिनिधित्व हुने गरी समाजसेवी, विशेषज्ञ, जनप्रतिनिधि र विशेष योगदान दिने व्यक्तिहरूलाई राखिन्छ ।

सामुदायिक रेडियो विभिन्न देशमा सफलतापूर्वक सञ्चालन भइरहेका छन् । तर नेपालमा यो नयाँ हो । अरू ठाउँको अवधारणा, उद्देश्य, कार्ययोजना र अनुभवको आधारमा काम गर्दै जाँदा हामीकहाँ पनि आ नै बेग्लै खालको संगठनात्मक ढाँचा बन्न सक्छ, साथै कार्ययोजना पनि बेग्लै तर्जुमा हुनसक्छ । त्यस्तै हामीकहाँ बेग्लै खालका समस्याहरू आउन सक्छन् । यसैले अनुभवको आधारमा धेरै कुरा परिमार्जन हुन बाँकी नै छ ।

## नेपालमा सामुदायिक रेडियो किन ?

नेपालमा आमसञ्चारका अन्य माध्यमभन्दा प्रसारण माध्यम बढी प्रभावकारी र उपयोगी छ भन्ने कुरामा शंका छैन । तर विद्यमान राष्ट्रिय प्रसारण माध्यम बिस्तारै बजारमुखी हुँदै गएको छ । प्रसारण माध्यमलाई निजी क्षेत्रमा दिने व्यवस्था भएपछि यसमा जनसेवीभन्दा व्यापारिक उद्देश्य लिएर प्रसारणको इजाजत लिनखोज्नेहरूको बाहुल्य छ । नाफामुखी प्रसारणले गाउँमा बस्ने अधिकांश जनताको सूचना र ज्ञानसम्बन्धी आवश्यकता पूरा गर्न सक्तैन । त्यसैले हाम्रो देशको सन्दर्भमा सामुदायिक रेडियो नै सञ्चालन गर्नुपर्ने थुप्रै कारणहरू छन् । तीमध्ये केही मुख्य कारणबारे संक्षिप्त चर्चा गरौं ।

**साक्षरतामा कमी :** रेडियो सुन्ने माध्यम भएको हुनाले अक्षर नचिनेका, सुनेर जानकारी वा ज्ञान पाउन खोज्नेहरूका लागि यो सबैभन्दा प्रभावकारी आमसञ्चार माध्यम हो ।



**यातायातको दु:ख :** पत्रपत्रिका र किताब बेलामा पुऱ्याउन नसकिने हिमाली, पहाडी र तराईका ग्रामीण इलाकामा पनि रेडियो एकमात्र सूचनाको भरपर्दो माध्यम बन्न सक्छ।

**गरिबी :** आम जनतामा दैनिक अखबार त के साप्ताहिक अखबार किन्ने पनि क्षमता छैन र क्षमता भएकाहरूमा बानी छैन। एउटा दैनिक अखबारको वार्षिक शुल्क झण्डै पन्ध्र सय रूपैयाँ पर्छ भने रेडियो सेट सय दुई सय रूपैयाँमै पनि पाउन सकिन्छ।

**शहरमुखी सामग्री :** हाल नेपालमा सञ्चालित प्राय: सबै अखबारको विषयवस्तु तथा रेडियो र टेलिभिजन कार्यक्रम शहरिया, शिक्षित तथा राजनीतिक रुचि भएका पाठक वर्गप्रति लक्षित छ।

**सान्दर्भिक सूचनाको अभाव :** सञ्चार भूउपग्रह तथा सूचना प्रविधिको विकासले गर्दा आज गाउँगाउँमा विजुली नपुगेका ठाउँमा पनि सौर्य ∏र्जाको मदतले अन्तर्राष्ट्रिय टेलिभिजन हेर्न र रेडियो सुन्न सकिने भएको छ। तर ती व्यापारिक र प्रचारमुखी सञ्चार माध्यमहरूले गाउँलेलाई चाहिने, उनीहरूको जीवनस्तर उठाउने खालका विषयवस्तु दिँदैनन्। तिनीहरूको उद्देश्य नाफा कमाउनु वा राजनीतिक प्रचार गर्नु भएकोले जनतालाई अति आवश्यक जानकारी र ज्ञान तिनले दिन सक्तैनन्।

**भाषा र प्रविधि :** इन्टरनेटजस्तो सञ्चारको अत्यन्तै प्रभावकारी माध्यम हालसम्म पनि अधिकांश अंग्रेजी भाषामा भएको हुँदा यसबाट प्राप्त जानकारी र ज्ञानको उपयोग गाउँगाउँमा गर्नको लागि इन्टरनेटलाई सामुदायिक रेडियोसँग मेल गराएर गाउँलेहरूको हितमा आधुनिक सूचना तथा सञ्चार प्रविधिको उपयोग गर्नुपर्छ।

**विविधता :** नेपाल बहु भाषिक, बहु सांस्कृतिक, बहु जातीय, हिमाल र हिमाल पारिदेखि तराईसम्म फैलिएको हरेक हिसावले विविधतायुक्त देश भएको हुनाले पनि केन्द्रीय स्तरमा उत्पादित सञ्चार माध्यमहरू सबै जाति, भाषाभाषी तथा संस्कृतिका मानिसहरूका लागि उत्तिकै उपयोगी वा प्रभावकारी नहुनाले सामुदायिक रेडियो उपयोगी एवं प्रभावकारी हुन्छ।

स्थानीय रूपमा स्थानीय जनताको लागि स्थानीय जनताबाटै उतपादित सञ्चार सामग्रीहरू प्रभावकारी हुने हुनाले स्थानीय रेडियोको आ नै विषेशता र उपयोगिता हुने कुरामा शंका छैन।



**सजिलो र सस्तो :** कोठाकोठामा कम्प्युटर र टेलिभिजन हुँदाहुँदै पनि अहिले अमेरिका-जस्तो देशमा पनि किसानहरूले कृषि बजार, मौसम तथा कृषिबारे आवश्यक जानकारी पाउनको लागि रेडियोलाई छाडेका छैनन्। खेत जोत्दाजोत्दै वा अन्य काम गर्दागर्दै पनि सुन्न सकिने हुनाले आजको व्यस्त युगमा रेडियोको उपयोगिता झन बढेको छ। फलस्वरूप अमेरिकाका कृषि प्रधान राज्यहरूमा फार्म स्टेसन भनिने स-साना रेडियो स्टेसनहरू छयाप्छयाप्ती छन्। कृषि मन्त्रालयको एउटा विभाग त्यस्ता फार्म रेडियोहरूका लागि चहिने उपयोगी कार्यक्रम उत्पादन गरेर स्टेसनसम्म निःशुल्क पुऱ्याउन निरन्तर लागिरहन्छ। भारतमा टेलिभिजनले हरितक्रान्तिलाई सघाएझैं नेपालमा सामुदायिक रेडियोले कृषिलाई आधुनिक र उपयोगी बनाउन सघाउन सक्छ।

**सूचना प्रवाहको समस्या :** अहिले नेपालको विकासमा कार्यरत सरकारी एवं गैरसरकारी निकायहरूले ग्रामीण तथा दुर्गम क्षेत्रमा बसोवास गर्ने लक्षित समूह, खासगरी विपन्न, उपेक्षित र पाखापरेका वर्गका लागि आवश्यक शिक्षा, स्वास्थ्य, सरसफाइ, वातावरण संरक्षण, ऊर्जा, परिवार नियोजन, आयस्रोत वृद्धि, सीप वृद्धिजस्ता अति आवश्यक जानकारी र ज्ञान लक्षित समुदायसम्म पुऱ्याउन निक्कै कठिनाइ भोग्नु परिरहेको छ। यसो हुनुमा विभिन्न कारणहरूमध्ये एउटा प्रमुख कारण उपयुक्त सञ्चार माध्यमको अभाव पनि हो। रेडियोजस्तो सस्तो र सुगम माध्यम उपलब्ध भएपछि ग्रामीण तथा दुर्गम क्षेत्रमा सूचना प्रवाहको गति चमत्कारिक ढँगले बढनेछ।

**परम्परागत तथा रैथाने ज्ञान र सीपको जगेर्ना :** व्यापारिक प्रसारणको प्रमुख उद्देश्य नयाँनयाँ प्रविधि, बाहिरी ज्ञान र यन्त्र उपकरणको विज्ञापन गरेर नाफा कमाउनु हो। त्यसो हुनाले त्यस्तो प्रसारणले स्थानीय तथा परम्परागत ज्ञान र सीपलाई प्रोत्साहन दिँदैन। यसको लागि उपयुक्त माध्यम सामुदायिक रेडियो नै हुनसक्छ।

**संस्कृति र मौलिकताको संरक्षण :** विदेशी वा अन्तर्राष्ट्रिय प्रसारण माध्यमहरूको प्रभावमा परेर युवा पुस्तामा आएको विकृति विकासशील मुलुकहरूको लागि समस्या र चुनौति नै बनेको छ। यस परिस्थितिमा विदेशी संस्कृतिको प्रचार र प्रभावलाई कम गर्न र आ नो संस्कृतिको संरक्षण र सम्बर्धन गर्न सामुदायिक रेडियोले सक्रिय भूमिका खेल्नसक्छ।



# सामुदायिक रेडियो स्थापना र सञ्चालन



कुनै गाउँमा रेडियो स्टेसन सञ्चालन गर्नका लागि पहिलो चरणमा विचार पुऱ्याउनु पर्ने विभिन्न कुराहरू छन्। पहिलो कुरा त गाउँको भौगोलिक स्थिति हो। सम्म मैदानमा टाढाटाढासम्म सजिलैसँग एफएम रेडियो तरङ्ग पुग्नसक्छ। पहाडी भूभागमा टाढा बस्ने श्रोतासम्म रेडियो तरङ्ग राम्ररी पुग्न सक्तैन। दोस्रो कुरा, जुन लक्षित समुदायको लागि रेडियो स्टेसन चलाउन खोजिएको हो, त्यो समुदायका मानिसहरूसँग एफएम टिप्ने रेडियो सेट हुनुपर्छ। तेस्रो कुरा, समुदायका मानिसहरू सञ्चारप्रति सचेत हुनुपर्छ। उनीहरूसँग सञ्चार गर्ने विषयवस्तु पर्याप्त मात्रामा हुनुपर्छ। उनीहरूले पाएको जानकारी, सूचना वा ज्ञान उपयोग गर्नसक्ने भौतिक तथा वौद्धिक क्षमता हुनुपर्छ। चौथो कुरा, रेडियो प्रसारण स्थानीय उपभोक्ताप्रति लक्षित हुनैपर्छ। प्रसारित विषयवस्तु, भाषा तथा छलफल गरिने विषयहरू समुदायको दैनिक जीवनसँग सोझै गाँसिएको हुनुपर्छ।

सामुदायिक रेडियो स्टेसन दिगो रूपले चल्नको लागि केही पूर्वाधारहरू हुनु जरुरी छ। सर्वप्रथम स्टेसनबाट लाभ पाउने लाभार्थीहरू (स्टेकहोल्डर्स) को पहिचान गर्नुपर्छ। उनीहरूको भूमिका स्पष्ट हुनुपर्छ। स्टेसनको लागि लाइसेन्स लिने कामदेखि लिएर स्टेसन सञ्चालन सम्बन्धी नियम बनाउने, कार्यक्रम उत्पादन गर्ने इत्यादि कामसम्ममा उनीहरूको भूमिका के हुन्छ भन्ने कुरा पहिले नै निर्धारित गर्नुपर्छ।

अर्को महत्वपूर्ण पक्ष भाषा हो। प्रसारणको भाषा स्थानीय समुदायले बोल्ने स्तरको हुनुपर्छ। राष्ट्रिय प्रसारण र स्थानीय प्रसारणबीच मुख्य भिन्नता नै यही हो। राष्ट्रिय प्रसारणले राष्ट्रिय वा स्तरीय भाषामा प्रसारण गर्छ। त्यो भाषा गाउँका सर्वसाधारण जनताले नबुझ्ने पनि हुनसक्छ। राष्ट्रिय प्रसारणले प्रसारित गर्ने विषय साधारण गाउँलेको लागि काम नलाग्न सक्छ वा असान्दर्भिक हुनसक्छ। जस्तै रेडियो नेपालले दिनदिनै प्रसारण गर्ने कालिमाटी बजारको तरकारीको भाउ। स्थानीय प्रसारणले विषयबस्तुलाई प्रस्तुत गर्ने तरिका वा शैली पनि राष्ट्रिय प्रसारणको भन्दा भिन्न हुन्छ। स्थानीय महत्वको विषयलाई स्थानीय प्रसारणले स्थानीय जनताले बुझ्ने भाषामा मात्र होइन, सर्वसाधारणले बुझ्ने गरी बेलिबिस्तार लगाएर प्रस्तुत गर्छ।

सामुदायिक रेडियोको सफलता खास गरी समुदायका सबै मानिसहरूको सहज पहुँच तथा समुदायको स्वामित्वमा भर पर्छ। यो काम सुरुदेखि नै अथवा रेडियो स्टेसन स्थापना गर्नको लागि गरिने प्रारम्भिक चरणदेखि नै गर्नुपर्छ। सामुदायिक रेडियो समुदायको आवाज हो। त्यसैले, यसमा समुदायका सबै वर्ग र क्षेत्रका मानिसहरूको बराबरी हिस्सा वा सहभागिता हुनुपर्छ। सबैले आ नो कुरा राख्न पाउनुपर्छ। असल व्यवस्थापन र योग्य प्रवन्धकले मात्र यो काम गर्नसक्छ। समुदायको सबै वर्ग र क्षेत्रका



नेताहरू, संघसंस्थाहरू र तिनका प्रतिनिधिहरूसँग व्यवस्थापनको राम्रो र निरन्तर सम्पर्क, भेटघाट, कुराकानी हुनुपर्छ। राजनीतिक दल, संस्था तथा नेताहरूको निरन्तर सहयोग लिनुपर्छ।

सामुदायिक रेडियोसँग सम्बन्धित सबै कुराको जानकारी र तालिम सोझै सर्वसाधारणलाई दिनसके मात्र सामुदायिक रेडियो प्रभावकारी हुन्छ। सामुदायिक प्रसारणको स्तर बढाउनको लागि निरन्तर तालिम तथा सर्वेक्षण प्रविधिको जानकारी चाहिन्छ। यसरी मात्रै कार्यक्रम उत्पादकहरूले जनताको आवश्यकता र चाहना अनुसारको कार्यक्रम बनाउन सक्छन्। कार्यक्रम बनाउनको लागि स्थानीय व्यक्तिहरूलाई नै तालिम दिएर तयार पार्नुपर्छ। बाहिरकाले भन्दा उनीहरूले स्थानीय आवश्यकता र चाहना अनुरूप स्थानीय जनताले रुचाउने र बुझ्ने कार्यक्रम बनाउन र प्रसार गर्न सक्छन्।

**भौतिक पूर्वाधार :** नेपालमा सरकारले मात्र रेडियो स्टेसन चलाएको हुनाले यो काम धेरै खर्चिलो हुन्छ होला भन्ने धेरैले ठान्छन्। यसको लागि ठूलो संस्था, व्यवस्था र ढाँचा, धेरै मानिस, ठूलाठूला विशेषज्ञ अनि ठूलाठूला भवनहरू चाहिन्छ होला भन्ने धेरैको कल्पना हुन्छ। तर आधुनिक सूचना तथा सञ्चार प्रविधिले गर्दा रेडियो स्टेसन डोकोमा बोकेर हिँडाल्न र चौतारीमा बसेर प्रसारण गर्न सकिने भएको छ। स्टेसनलाई चाहिने सम्पूर्ण सामान एउटा सानो बाकसमा अटाउने र बीस किलोजति तौल हुने घुम्ती स्टेसन पनि अहिले नेपालमा भित्रीसकेको छ। स्टेसन चलाउन बिजुलीले रोकिने अवस्था पनि छैन। घामबाट निकालेको विजुलीबाट पनि रेडियो स्टेसन चलाउन सकिन्छ।

अफ्रिकी देश युगाण्डाको उत्तरी भेकमा पर्ने एउटा दुर्गम क्षेत्र एपाकमा घामले चल्ने सामुदायिक रेडियो स्टेसन चलिरहेको छ। एपाकमा बिजुली नपुगेको होइन। तर बिजुलीको केही ठेगान छैन। कहिलेकाहीं कैयौं दिनसम्म बिजुली आउँदैन। बिजुली आए पनि त्यसको भोल्टेज एकैनासको नभएको हुँदा बिजुलीबाट चल्ने यन्त्र उपकरणहरू बिग्रने डर हुन्छ। यसैले त्यहाँ घामबाट विजुली निकालेर रेडियो स्टेसन चलाउनु परेको हो।

रेडियो एपाक दिनको आठ घण्टा चल्छ। आठ घण्टासम्म नियमित रूपमा बिजुली दिनको लागि त्यहाँ आठ वटा सौर्य प्यानल र साइकलमा बत्ती बाल्न उपयोग गरिने सात वटा व्याट्रीहरू जडान गरिएका छन्। यसले स्टेसनका उपकरण चलाउन मात्र होइन, रेडियो स्टेसनको स्टुडियो र कार्यालयलाई समेत उज्यालो दिन्छ। यो सौर्य बिजुलीको लागि मरम्मत सम्भार गर्न पनि त्यति गाह्रो छैन र यो दश वर्षसम्म चल्ने अनुमान गरिएको छ।



सामुदायिक रेडियोमा प्रसारण गरिने कार्यक्रम धेरैजसो रेकर्ड नगरीकन सोझै वा प्रत्यक्ष प्रसारण गरिन्छ। रेकर्ड गरेर प्रसारण गरिने कार्यक्रम रेकर्ड गर्न पनि अब सजिलो उपाय आइसकेको छ। यसको लागि भव्य स्टुडियो वा भवन चाहिँदैन। माटोको गाह्रो वा लिउन लगाएको गाउँको कुनै पनि घरलाई अति थोरै खर्चमा पनि स्टुडियोको रूप दिन सकिन्छ।

**सामुदायिक भावना र सहभागिता :** सामुदायिक रेडियोको मुटु नै जनसहभागिता हो। सामुदायिक रेडियोको योजना बनाउँदाको अवस्थादेखि नै समुदायका सदस्यहरूको सहभागिता सुरु हुनुपर्छ। अवधारणा बुझ्ने, नीति र योजना बनाउने, लागत र आम्दानी खर्चको तर्जुमा गर्ने, ट्रान्समिटर र एन्टेना जडान गर्ने र स्टुडियो बनाउने, गाउँको सामाजिक, आर्थिक आदि विविध पक्षको अध्ययन गर्ने इत्यादि सबै काममा जनसहभागिताको लागि समुदायलाई उत्प्रेरित गर्नुपर्छ। सबै जनाको उत्तिकै योगदान नहुन सक्छ। तर सबै जनाको उपस्थिति वा रेडियो स्टेसन हाम्रो हो भन्ने भावना हुनु औधि महत्वपूर्ण कुरा हो। यसबाट समुदायको सहयोग पाउन सजिलो हुन्छ।

**जनशक्ति÷काम गर्ने विभिन्न समूहहरू :** कुनै पनि काम सम्पन्न गर्न एकै खालका काम गर्ने मानिसहरू भएर मात्रै हुँदैन, धेरै किसिमको क्षमता भएका मानिसहरू चाहिन्छन्। सामुदायिक रेडियो सञ्चालन गर्न पनि धेरै थरीका मानिसहरूको खाँचो पर्छ। सुरुमा काम चलाउनको लागि सानो ढाँचा र थोरै मानिसले काम चल्न सक्छ। तर समुदायको संरचना र स्वभाव अनि रेडियोको कामको स्वरूप अनुसार धेरै थरीका मानिसहरूको संलग्नता बिना सामुदायिक रेडियो ब्यवस्थित रूपले चल्न सक्दैन। गाउँको कटुवालदेखि लिएर सबै कामको जिम्मा लिने र अगुवाई गर्ने व्यक्ति र निकायहरूको आआ नै महत्व हुन्छ।

**व्यवस्थापन समिति :** रेडियोको सम्पूर्ण कामको रेखदेख र तर्जुमा गर्न एउटा कार्य समिति वा व्यवस्थापन समिति वा निर्देशकहरूको समिति हुन्छ। यसको नाम, काम र अधिकार समुदायको संरचना र स्वभाव अनुसार फरक फरक हुनसक्छ। यो समितिले स्टेसनलाई सुचारु रूपले सञ्चालन गर्नुपर्छ। यसभित्र कार्यक्रमको विषयवस्तु र स्टेसनको रणनीति पनि पर्छ। कोष वा रकम संकलन गर्ने, खर्च गर्ने, विज्ञापनको नीति नियम बनाउने र शुल्क तथा सुविधा निर्धारण गर्ने, कर्मचारी भर्ना गर्ने, तिनलाई कामको जिम्मा दिने, सामान खरिद गर्ने आदि काम पनि समितिले नै गर्छ। समितिको काम सजिलो पार्नको लागि उपसमितिहरू बनाएर अधिकार प्रत्यायोजन गर्न सकिन्छ।



**स्वयंसेवकहरू :** सामुदायिक रेडियोको धेरै काम स्वयंसेवकहरूबाटै गर्न र गराउन उत्साही युवा स्वयंसेवकहरूको जमात नै चाहिन सक्छ। समुदायका विभिन्न वर्ग, क्षेत्र र व्यवसायमा संलग्न विभिन्न स्तरका, जिम्मेवारी बोक्न र सिक्न इच्छुक उत्साही युवाहरूलाई प्रेरित र संगठित गरेर रेडियो स्वयंसेवकहरूको समूह गठन गर्न सकिन्छ। उनीहरूलाई कार्यक्रम उत्पादन गर्न, रेडियो स्टेसनका लागि चाहिने विभिन्न खालका तथ्यांक संकलन गर्न, कार्यक्रम तयार पार्ने जस्ता विभिन्न काममा लगाउन सकिन्छ। रेडियो सुनिने क्षेत्र पूरै ढाक्ने गरी विभिन्न क्षेत्रमा ती युवा स्वयंसेवकहरूलाई सक्रिय बनाएर रेडियो कार्यक्रमलाई लोकप्रिय बनाउन सकिन्छ। यसमा विचार गर्नु पर्ने कुरा के हो भने सबै स्वयंसेवक युवाहरू समुदायभित्रकै हुनुपर्छ।

**स्थानीय प्रतिभा :** समुदायभित्र रहेका विभिन्न विषय, सीप, कला, कौशलका प्रतिभाहरू पहिचान गर्नुपर्छ। गाउँमा गीत गाउन जान्ने, कविता रच्न सक्ने, रमाइलोसँग कथा सुनाउने, थरिथरिका बाजा बजाउन जान्ने, थरिथरिका जनावर र चराचुरुंगीको आवाज निकाल्न जान्ने वा स्वरको नक्कल गर्न जान्ने, नाटक गर्न वा अभिनय गर्न जान्ने मानिसहरूलाई रेडियोमा उपयोग गर्नुपर्छ। लोक कलाकार, अनुभवले पाका वृद्धहरूलाई उचित सम्मानसाथ रेडियो कार्यक्रममा संलग्न गराइनुपर्छ। महिला र उपेक्षित समूहलाई कार्यक्रममा सहभागी बनाउन विशेष अवसर दिन बिर्सनु हुँदैन। त्यस्तै, विभिन्न इलम, पेशा वा सीपमा दखल भएकाहरूको तथा स्थानीय तथा परम्परागत सीप जानेका व्यक्तिहरूलाई कार्यक्रममा निम्त्याएर उनीहरूको ज्ञान र अनुभव बाँडनु पर्छ। साथै समुदायमा विचार दिएर नेतृत्व गर्नेहरू, जनप्रतिनिधिहरू, समाजको धार्मिक, साँस्कृतिक र आर्थिक क्षेत्रमा अगुवाइ गर्ने मानिसहरूलाई अन्तर्वार्ता र छलफलहरूमा संलग्न गराउनु पर्छ।

**श्रोता-सहभागिता :** समुदायका सदस्यहरूको सक्रिय सहभागिता नभई सामुदायिक रेडियो चल्न सक्तैन। सहभागिताका लागि विभिन्न प्रकारका नीति, उपाय र कार्यक्रमको अवश्यकता पर्छ। आमश्रोता नै सामुदायिक रेडियोको लक्ष्य भएको हुनाले उनीहरूलाई कहिल्यै बिर्सनु हुँदैन। रेडियोसँग सम्बन्धित हरेक काममा बढीभन्दा बढी मानिसहरूले चासो राखुन् र सहभागी बनुन् भन्ने कुरामा हमेसा ध्यान दिनुपर्छ। रेडियो स्टेसन जनताको नजिक राखेर तथा आम जनताको लागि स्टेसनको ढोका सँधै खुला राखेर मानिसहरूलाई त्यहाँ आउन प्रेरित गर्नुपर्छ। त्यसरी आएका आगन्तुकहरूसँग कुराकानी गरेर त्यस्ता कुराकानी प्रसारण गरेर जनताका विचार र आवाज प्रसारण गरिनुपर्छ।



श्रोतालाई रेडियोमा आ  ना विचार, प्रश्न र सुझाव पठाउन प्रेरित गर्नुपर्छ । यसको लागि पुरस्कारको व्यवस्था पनि गर्न सकिन्छ । उनीहरूलाई आ  ना समस्या र आवश्यकताहरूबारे लेखेर पठाउन वा स्टुडियोमा आएर रेकर्ड गर्न लगाउन उत्साहित गर्नुपर्छ । श्रोता सहभागिताका विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ ।

**कार्यक्रम निर्माताहरूको घुम्ती टोली :** कार्यक्रम निर्माताहरूको घुम्ती टोलीले समुदायका सदस्यहरूलाई सहभागी बनाउन सजिलो पार्छ । मानिसहरू स्टुडियोमा आउलान् र कार्यक्रम बनाउँला भनेर पर्खेर बस्नुभन्दा कार्यक्रम निर्माताहरू नै श्रोताहरूको घरदैलोमा पुग्नु प्रभावकारी हुन्छ । रेकर्ड गर्ने साधन बोकेका दुईतीन जनाको टोलीले गाउँगाउँमा डुलेर मानिसहरूसँग कुराकानी गर्ने, उनीहरूको समस्या बुझ्ने, ती समस्याहरूको बारेमा तिनकै बिचार सुन्ने र स्थानीय प्रतिभाहरूलाई पहिचान गर्न सक्छ । कुनै गाउँमा जाँदा पहिले नै सूचना दिएर धेरै मानिसहरूलाई भेला गराएर विभिन्न कार्यक्रम एकै ठाउँमा एकैपटक रेकर्ड गर्न सकिन्छ । यसरी रेकर्ड गरिएको कार्यक्रम गुणस्तरको हिसाबले उच्च नहुन सक्छ । तर यो स्वाभाविक हुने हुनाले कम गुणस्तरको हुँदैमा श्रोताको रुचि घट्दैन । यस्ता कार्यक्रममा हुने अपनत्व र न्यानोपन वा स्वाभाविकताले यसलाई जीवन्त वा रोचक बनाउँछ ।

समुदायको आकार र कार्यक्रमको स्वरूप अनुसार ठाउँठाउँमा सानासाना वा अस्थायी स्टुडियो पनि राख्न सकिन्छ । यस्ता मिनी स्टुडियोहरूले गाउँहरूको समूहलाई समेट्न सक्छन् । यसले निर्माताहरूको घुम्ती टोलीको कामलाई सघाउँछ । उनीहरू आपसमा मिलेर काम गर्न पनि सक्छन् । नियमित कार्यक्रम उत्पादन गर्न र आमश्रोताको प्रतिक्रिया जान्न मिनी स्टुडियोले सघाउ पुग्नसक्छ ।

**संगठित संस्था तथा संगठनहरू :** गाउँमा विभिन्न प्रकारका संगठित संस्था वा समूहहरू हुन्छन् । आमा समूह, युवा क्लब, स्वावलम्बन समूह, पेशा वा शौखको आधारमा बनेका संस्थाहरूलाई सामुदायिक रेडियोका कार्यक्रममा सहभागी बन्न प्रेरित गर्नुपर्छ । उनीहरूको आ  नै मिनी स्टुडियो वा कार्यक्रम उत्पादनको साधन हुनसक्छ र उनीहरूले नियमित रूपमा कार्यक्रम प्रसारित गर्न सक्छन् ।

**गैरसरकारी संस्थाहरू :** गाउँमा विकास निर्माणका परियोजना सञ्चालन गर्ने स्वयंसेवी संस्था वा गैरसरकारी संस्थाहरू पनि हुन्छन् । ती संस्थाहरूको परियोजनाको लक्षित समुदाय हुन्छ र समुदायमा संस्थाको कार्यक्रम सही रूपले पुऱ्याएर कार्यक्रम सफल



पार्नको लागि सञ्चार योजना वा कार्यक्रम हुन्छ। त्यसका लागि संस्थाको आ नै सामुदायिक रेडियो हुनसक्छ। आ नै रेडियो स्टेसन नभएका संस्थाहरूले गाउँको सामुदायिक रेडियोको उपयोग गर्न सक्छन्। रेडियोका साधनको उपयोग गर्नुका साथै सञ्चालनको जिम्मेवारी पनि बाँडन सक्छन्। यसरी गैरसरकारी मात्र होइन, सरकारी निकायहरूको सञ्चार आवश्यकतालाई पनि सामुदायिक रेडियोले पूरा गर्नसक्छ।

**सजग एवं सक्रिय श्रोता समूह :** समुदायका श्रोताहरूको सुखदुःख, समस्या, इच्छा, आकांक्षाहरूलाई बुझेर त्यसै अनुसार चल्न सके मात्र सामुदायिक रेडियो सफल हुनसक्छ। यसको लागि श्रोताहरूसँग निरन्तर सम्पर्क गर्नुपर्छ। श्रोताको संख्या र सहभागिता बढाउन निरन्तर नयाँ र आकर्षक उपायहरू अपनाइ राख्नुपर्छ।

समुदायमा कति जनासँग रेडियो सेट छ भन्ने कुरा थाहा पाउनु पर्छ। प्रत्येक घरमा रेडियो सेट छैन भने सामूहिक रूपमा सुन्ने व्यवस्था वा श्रवण केन्द्रको व्यवस्था गर्नुपर्छ। गाउँमा कार्यरत गैरसरकारी संस्थाहरूलाई सहुलियत मोलमा रेडियो सेट वितरण गर्न लगाउन सकिन्छ। रेडियो किन्न सक्नेहरूलाई किन्न प्रेरित गर्नुपर्छ।

**रेडियो श्रोता क्लब :** रेडियो श्रोता समूह वा क्लबहरूले रेडियो कार्यक्रमहरूलाई श्रोताहरूबीच लोकप्रिय र प्रभावकारी बनाउन महत्वपूर्ण भूमिका खेल्ने हुनाले गाउँका विभिन्न भागमा रेडियो श्रोता क्लब गठन गर्न प्रेरित गर्नुपर्छ। सक्रिय क्लबहरूलाई





रेडियो सेट वा कुनै पुरस्कार दिएर उत्प्रेरित गर्न सकिन्छ । बेलाबेलामा क्लबलाई स्टुडियोमा बोलाएर छलफल गर्नुपर्छ । क्लबहरूको गोष्ठी आयोजना गरेर सामूहिक रूपमा श्रोताहरूको समस्या र सुझाव लिनु बेस हुन्छ ।

**सामुदायिक रेडियोको अरू भूमिका :** सामुदायिक रेडियोको जीवनमा समुदायले भाग लिनु र समुदायको जीवनमा सामुदायिक रेडियोले भाग लिनु अत्यन्तै महत्वपूर्ण काम हो । मानिसको विचार र निर्णयलाई अभिव्यक्ति दिन रेडियोले महत्वपूर्ण भूमिका खेल्छ । समुदायका अधिकांश समस्याहरू सामूहिक प्रयासद्वारा समाधान हुने हुनाले समुदायमा खुला छलफल चलाएर सामूहिक प्रयासमा रेडियोले निकै सघाउँछ ।

सामुदायिक रेडियोले समुदाय र सरकारबीच सम्पर्क सूत्रको काम गर्छ । समुदायको समस्या सरकारसम्म पुऱ्याउने र सरकारी योजना, नीति र कार्यक्रम सम्बन्धी सूचना समुदायमा पुऱ्याउन सामुदायिक रेडियो सबैभन्दा सही र उपयुक्त माध्यम हो । रेडियोले गाउँमा आएका नेता तथा सरकारी कर्मचारीहरूसँग गाउँलेहरूको कुराकानी र छलफल गराउन सक्छ । यसो गर्दा गाउँको लागि बन्ने योजना बढी बस्तुगत बन्न सक्छ र त्यो योजनाबाट धेरै मानिसले फाइदा पाउन सक्छन् ।

गाउँमा लाग्ने मेला, हाटबजार, चाडपर्व आदिमा सामुदायिक रेडियोले सक्रियतापूर्वक भाग लिएर श्रोतामाझ लोकप्रिय र उपयोगी बन्ने अवसर गुमाउनु हुदैन । रेडियो आफैंले पनि कुनै राम्रो कामको अभियान गर्न, साँस्कृतिक कार्यक्रम, झाँकी प्रदर्शन गर्न, प्रतियोगिता आयोजना गरेर सम्पूर्ण समुदायलाई भेला भई जानकारी र अनुभव बाँडचुँड गर्न र रमाइलो गर्न अवसर जुटाउन सक्छ । यसरी रेडियोसँग समुदायको जीवन्त सम्बन्ध हुन्छ । रेडियो सुन्नु उनीहरूको जीवनको एउटा अंग बन्छ । अरू माध्यमले उनीहरूलाई बहकाउन सक्तैन । सामुदायिक रेडियो बज्दासम्म समुदायले अरू स्टेसन नसुनुन् अनि मात्र साँच्चैको सामुदायिक रेडियो हुन्छ ।

मध्य अफ्रिकी देश जायरको एउटा गाउँमा सञ्चालित सामुदायिक रेडियो कान्डिपका एक जना पाका श्रोताको भनाइ यस्तो छ :

> *"हाम्रो अवस्थामा कुनै परिवर्तन हुनै सक्तैन भन्ने हामी ठान्थ्यौं । ... रेडियोले गर्दा हामीले थाहा पायौं, धेरै कुरा फेरिन सक्छन् । ... रेडियोले हामीलाई हाम्रो सानो गाउँभन्दा बाहिर हेर्न सघायो । अरू ठाउँका मानिसहरू कसरी बाँच्छन् भन्ने कुरा हामीले थाहा पायौं । यसरी हामीले हामीभित्र भएका धेरै कुरामा परिवर्तन हुनसक्छ र हुनुपर्छ भन्ने सिक्यौं । आ  नै बलबुतामा हामीले हामीलाई फेर्न सक्छौं भन्ने हामीले जान्यौं ।*



*उहिले हामीलाई आ  नो मनको कुरा सुनाउने इच्छा हुँदैनथ्यो ।. अहिले हामीले बोल्न र आफूले विचार गरेका कुरा भन्न जान्यौं । रेडियोले हामीलाई हाम्रै भाषामा रेडियोमा सहभागी बनाएर हामीलाई नयाँ बाटोमा हिँड्न प्रेरित गरेको छ । रेडियोले हाम्रो आँखा, कान र मुख खोलिदिएको छ । "*

## सामुदायिक रेडियोले प्रसारण गर्ने कार्यक्रम

सामुदायिक रेडियोमा के वा कस्ता कार्यक्रम प्रसारित गरिन्छन् भन्ने प्रश्नको जवाफ समुदायभित्रैबाट आउनु पर्छ । यसमा कसैको रहर वा स्वार्थ पूरा गर्ने खालका कार्यक्रम प्रसारित गरिँदैन । प्रसारण गरिने विषयवस्तु कुनै व्यक्तिको व्यक्तिगत इच्छामा भर पर्ने कुरा होइन । कार्यक्रमको विषय र ढाँचा कस्तो हुन्छ भन्ने कुरा सामुदायिक रेडियोको स्थापनाको उद्देश्यले नै स्पष्ट पार्छ । यो उद्देश्य कहिल्यै पनि बिर्सनु वा ओझेलमा पर्नु हुँदैन । सामान्यतया सामुदायिक रेडियोले प्रसारण गर्ने कार्यक्रमहरूले समुदायमा बसोबास गर्ने र रेडियो सुन्ने सबैलाई शारीरिक र मानसिक रूपले सकारात्मक र उन्नतिको बाटोमा अघि बढ्न प्रेरित गर्नुपर्छ । सामुदायिक रेडियोबाट प्रसार गरिने कार्यक्रमहरूको उद्देश्य पहिले नै स्पष्ट हुनुपर्छ । जस्तो :

- समुदायका सबै पक्ष, खास गरी विपन्न र उपेक्षित वर्गको जीवनस्तर उकास्न सघाउनु
- समुदायको जीवन र भविष्यलाई प्रभाव पार्ने हरेक विषय र घटनामाथि समुदायका सबै तहका मानिसहरूबीच खुला छलफल गर्न लगाउनु
- मानिसहरूमा आत्मसम्मान र आत्मविश्वासको भावना भरेर उनीहरूलाई आ  ना समस्या र आकांक्षाहरू पोख्नसक्ने बनाउनु
- स्थानीय संस्था तथा असल परम्पराहरूलाई अभिवृद्धि गर्नु र तिनलाई बलियो बनाएर स्थानीय जनताका विकासका आवश्यकताहरू पूरा गर्नसक्ने बनाउनु
- स्थानीय जनतामा लुकेर बसेका विभिन्न प्रकारका प्रतिभाहरूलाई पहिचान गरी प्रोत्साहित गर्नु ।

यो साङ्गोपाङ्ग सूची होइन । आ-आ  नो समुदायको रुचि, आवश्यकता र संस्कृति अनुसार, सामुदायिक रेडियोको उद्देश्य पनि आ-आ  नै हुन्छ । सामाजिक, सांस्कृतिक परिस्थिति र समुदायको चाहना अनुसार रेडियो कार्यक्रमका उद्देश्यहरू निर्धारण गर्न र माथि लेखिएका जस्ता उद्देश्यहरू थपघट गर्न सकिन्छ । विषयवस्तु र कार्यक्रमको ढाँचा उद्देश्यहरूसँग मेल खाने हुनुपर्छ ।



## सर्वेक्षणको खाँचो

समुदायको आवश्यकता र चाहना बुझ्नको लागि बेला बेलामा वैज्ञानिक ढंगले सर्वेक्षण गरी समुदायको आवश्यकता पत्ता लगाउनु बेस हुन्छ। यसको लागि व्यक्ति विशेषको चाहना वा अडकलको भर पर्नु हुँदैन। कार्यक्रमको नीति बनाउनको लागि लक्षित श्रोता बस्ने क्षेत्रका आवश्यकताहरू पत्ता लगाउने खालको अध्ययन गर्नुपर्छ। यसरी गरिने अध्ययन सम्पूर्ण वस्तुस्थिति पत्ता लगाउने खालको हुनुपर्छ। उदाहरणका लागि यसरी गरिने अध्ययनले यी कुराहरू समेटनु पर्छ :

- संबंधित क्षेत्रको भौगोलिक नक्सा र भूबनावटको विवरण
- उपलब्ध प्राकृतिक स्रोत वा संसाधन र तिनको उपयोग तथा नियन्त्रण
- आर्थिक गतिविधि
- विकासका प्राथमिकताहरू
- उत्पादन र वितरण पद्धति÷प्रणाली
- रोजगारीको स्थिति
- महिलाहरूको अवस्था र आकांक्षा
- युवाहरूको आकांक्षा
- मानिसहरूको स्वास्थ्य र स्वास्थ्य सेवा सम्बन्धी सुविधाहरू
- सांस्कृतिक सम्पदा, लोककला, मनोरञ्जनका तरिका र साधनहरू
- भाषा र भाषिकाहरू
- सञ्चार साधनहरू खास गरी रेडियोको उपयोगको प्रवृत्ति
- साक्षरता र शैक्षिक अवस्था
- सामाजिक संघसंस्थाहरू, सहकारी संस्थाहरू, स्वावलम्बी संस्थाहरू, रुचि र पेशाको आधारमा बनेका संस्थाहरू
- समुदायको राजनीतिक चेतनाको स्तर र राजनीतिक गतिविधि आदि।

यसरी बस्तुस्थिति पत्ता लगाउन गरिने सर्वेक्षण वा अध्ययन शास्त्रीय वा परम्परागत ढाँचाकै हुनैपर्छ भन्ने छैन। यो काम गर्न विशेषज्ञहरूको टोली वा संस्था पनि चाहिँदैन। यो एउटा सामान्य अध्ययन हो। समुदायकै मानिसहरूले पनि यो काम गर्न सक्छन्। रेडियो स्टेसन सञ्चालन गर्न खोज्ने व्यक्तिहरूले गरे बेस हुन्छ। यो अध्ययनबाट गाउँको स्थितिको एउटा सामान्य खाका तयार हुन्छ, जो सबैका लागि उपयोगी हुनसक्छ। साथै कार्यक्रम बनाउनेहरूलाई गाउँलेहरूसँग सुसम्बन्ध बनाउन



पनि यो अध्ययन काम लाग्छ । सम्पूर्ण परियोजनाबारे समुदायका मानिसहरू के सोच्छन् भन्ने कुरा पनि यो अध्ययनबाट थाहा पाउन सकिन्छ ।

सामान्यतया सामुदायिक रेडियो प्रसारण गर्ने कार्यक्रममा तल लेखिएको खालका बिषयहरू समावेश गर्न कोसिस गर्नुपर्छ ।

- स्थानीय÷गाउँटोलको समाचार
- गाउँलेको हित र रुचिलाई प्रभाव पार्ने विषयमा समुदायका सबै पक्षको प्रतिनिधित्व हुने गरी खुला छलफल
- गाउँमा सञ्चालित वा सञ्चालन हुन लागेका विकास कार्यक्रम, योजना तथा परियोजनाहरू ।
- कृषि, वन, खानेपानी, सिंचाइ कार्यालय तथा अन्य विकास निर्माण र सामाजिक सेवामा संलग्न संस्थाहरूको कार्यक्रम ।
- गाउँका बूढापाका, जान्नेसुन्ने र विषेश ज्ञान वा सीप भएका मानिसहरूसँग कुराकानी ।
- स्थानीय प्रतिभा, कलाकार, शिल्पकार, बाल प्रतिभाहरूलाई चिनाउने खालका कार्यक्रम ।
- लोक गीत, लोक संगीत, परम्परागत भजन, धार्मिक अनुष्ठान ।
- परम्परागत र रैथाने ज्ञान र सीप ।
- आम्दानी बढाउने नयाँ नयाँ इलम र प्रविधि ।
- कृषकहरूलाई चाहिने मल, बीउ, बजार र मौसमको जानकारी ।
- समुदायका सदस्यहरूको जीवनलाई सुखमय, गरिमामय र स्वस्थकर बनाउन सघाउने कुराहरू ।
- शिक्षा, साक्षरता, स्वास्थ्य, सरसफाइ, पोषण, स्वच्छ खानेपानी, वातावरण संरक्षण, जनसंख्या, मानव अधिकार, महिला तथा बाल अधिकार, प्रजातन्त्र, नागरिक समाजलाई समृद्ध बनाउने कुराहरू, आदि आदि ।

हामीले यो कुरा विर्सनु हुँदैन कि सामुदायिक रेडियो सञ्चालन गर्ने सम्पूर्ण जिम्मेवारी समुदायकै हातमा हुन्छ । यसैले के कार्यक्रम सुन्ने वा सुनाउने भन्ने कुराको निर्णय गर्ने पनि समुदाय नै हो । बेग्लाबेग्लै सामुदायिक रेडियोले प्रसारण गर्ने कार्यक्रमहरू समुदायको आवश्यकता, चाहना तथा सामाजिक, आर्थिक, चेतना तथा साँस्कृतिक स्तर अनुसार बेग्लाबेग्लै हुनु अति नै आवश्यक हुन्छ ।



# सामुदायिक रेडियोको लागि चाहिने यन्त्र उपकरण

**ट्रान्समिटर :** राष्ट्रिय प्रसारण ऐनमा गैरसरकारी क्षेत्रमा एफएम प्रसारण प्रणालीको लागि मात्रै इजाजत दिने प्रावधान छ। एफएम ट्रान्समिटर मिडियमवेभ र सर्टवेभ ट्रान्समिटरको तुलनामा सस्तो हुन्छ। यसबाट सुनिने कार्यक्रम स्पष्ट हुन्छ र स्टेरियो ध्वनि सुन्न सकिन्छ। एफएम ट्रान्समिटरमा कम बिजुली खर्च हुन्छ। नेपालमा अहिले सयवाटदेखि हजार वाटसम्म क्षमताका ट्रान्सिमिटरहरू प्रयोग भैरहेका छन्। तर एफएम रेडियो स्टेसन चलाउन कम्तीमा २० वाट सम्मका ट्रान्समीटरहरू पनि पाइन्छन्।

अग्लो ठाउँमा एन्टेना राखेर मैदानी क्षेत्रमा चलाइने बीस वाटको ट्रान्समिटरले सामान्यतया बाह्र किलोमिटरको क्षेत्रमा राम्ररी प्रसारण गर्नसक्छ। ट्रान्समिटरको प्रसारण क्षमतालाई बढाउने, घटाउने अरू पनि कारक तत्वहरू हुन्छन्। एन्टेनाको उचाइ, स्टुडियो र एन्टेनाबीचको दूरी, बीचमा प्रयोग गरिने केबुल तार आदिले प्रसारण क्षमतामा प्रभाव पार्छ। एफएम ट्रान्समिटरका केही कमी र सीमितताहरू पनि छन्। एफएम रेडियो तरङ्ग सोझो रेखामा जाने हुनाले यसले अग्ला घर र डाँडाकाँडा पार गर्न सक्तैन।

नेपालमा, खास गरी राजधानीबाहिर, एफएम प्रसारण नयाँ भएको हुनाले एफएम तरङ्ग वा सिग्नल टिप्ने रेडियो सेटको संख्या पर्याप्त मात्रामा छैनन्। सामुदायिक प्रसारण सुरु गर्दा यो कुरामा पनि ध्यान पुऱ्याउनु पर्छ।

**स्टुडियो :** साधारण रेडियो प्रसारणको लागि कुनै पनि घर वा कोठामा स्टुडियो बनाउन सकिन्छ। सबै सामान एउटा बाकसमा अटाउने घुम्ती स्टुडियो पनि पाइन्छ। यसको तौल दशदेखि बीस किलोसम्म हुन्छ। यसको मदतले जहाँबाट पनि प्रसारण गर्न सकिन्छ। यस्तो घुम्ती स्टुडियो मोटरको व्याट्रीबाट पनि चलाउन सकिन्छ।

स्थायी स्टुडियो बनाउन एकतले घर भए पनि हुन्छ। तर रेडियो स्टेसन राख्ने घरमा अरू सामान पनि राख्नु पर्ने भएकाले अरू दुई तीन कोठा भएनन् भने काम गर्न कठिनाई पर्दछ। स्थायी स्टुडियो बनाउँदा यस्ता साना मसिना कुरामा बिचार पुऱ्याउनु पर्छ।

स्थायी स्टुडियो बनाउँदा स-साना कुरामा बिचार पुऱ्यायो भने त्यस स्टुडियोबाट धेरै काम लिन सकिन्छ। त्यसैले सामुदायिक रेडियो सञ्चालन गर्ने स्थायी स्टुडियो बनाउँदा निम्न कुरामा बिचार पुऱ्याउनु पर्छ।



- बस्तीको माझमा
- सहभागीहरू र समुदायका सदस्यहरू सजिलैसँग पुग्नसक्ने
- घर बहाल तिर्न नपर्ने वा कम तिरे पुग्ने
- कुनै व्यक्तिगत स्वार्थको प्रभावमा नरहेको
- चोरीचकारी र तोडफोड वा हुलदंगाबाट सुरक्षित हुने स्थान
- बिजुली सजिलै उपलब्ध हुने
- हल्ला नहुने
- प्राविधिक दृष्टिले उपयुक्त
- अग्लो
- वरिपरि अग्लो घरले नछेक्ने
- बिजुलीको हाई भोल्टेज लाइनभन्दा टाढा

**एन्टेना :** सबै प्रकारको प्रसारणका लागि एन्टेना हुनैपर्छ। एन्टेनाबिना प्रसारण गर्दा ट्रान्समिटर बिग्रन्छ। एन्टेना जति अग्लो भयो त्यत्तिकै टाढा टाढासम्म रेडियो स्पष्टसँग सुनिन्छ। जमिनबाट २० मिटर जति अग्लो पारेर एन्टेना राख्ने हो भने अग्ला घर र होचा डाँडाकाँडाले छेक्न सक्तैन। यसैले एन्टेना सकेसम्म अग्लो हुनुपर्छ। एन्टेनालाई चटचाङबाट जोगाउन आवश्यक व्यवस्था गर्नुपर्छ। एन्टेना र ट्रान्समिटरबीचको दूरी जति कम भयो, उति बेस हुन्छ। यो दूरी २० मिटरभन्दा धेरै हुनु हुँदैन।



**स्टुडियोभित्र उपकरणको व्यवस्था :** स्टुडियोभित्र माइक्रोफोन, रेकर्ड प्लेयर, सीडी प्लेयर, मिक्स्चर, हेडफोन, अडियो एम्लिफायर आदि उपकरणहरू हुन्छन् । ती सबै उपकरण अडियो मिक्सर कन्सोलसँग जोडिएका हुन्छन् । प्राविधिकले कन्सोलको नियन्त्रण गर्छ । अनुभवी प्रसारकले कन्सोलको पनि आफैं नियन्त्रण गर्छ ।



# सामुदायिक रेडियो प्रसारकका आचार र व्यवहार



रेडियोमा बोल्दा वा कार्यक्रम प्रसारण गर्दा प्रसारकले आ नो मात्र छवि र व्यक्तित्व प्रस्तुत गरिराखेको हुँदैन। उसले सम्पूर्ण रेडियो स्टेसन र स्टेसनसँग सम्बन्धित व्यक्तिहरू, संस्थाहरू र त्यसलाई सघाउनेहरूको पनि छवि प्रस्तुत गरिरहेको हुन्छ। माइक्रोफोनको अगाडि होस् या माइक्रोफोनभन्दा पर, रेडियो प्रसारकको व्यवहारले उसको आ नो व्यक्तित्वका साथै रेडियो स्टेसनले प्रतिनिधित्व गर्ने सबै पक्षको छवि र गरिमा झल्काइरहेको हुन्छ।

रेडियोमा बोल्ने उद्घोषक साथै उसका सहकर्मीहरूलाई आफूले काम गर्ने संस्थाको गरिमा बढाउन र सूचना उपलब्धकर्ता वा सुसूचकको उसको भूमिका र क्षमता बढाउन सघाउने आधारभूत कुराहरू यहाँ प्रस्तुत गरिएका छन्। ठूला रेडियो स्टेसनको दाँजोमा सामुदायिक रेडियोमा काम गर्ने स्थानीय प्रसारकहरूलाई समुदायमा प्राय: सबैले सजिलैसँग चिन्ने हुनाले पनि सामुदायिक प्रसारकहरूको लागि आचार व्यवहारको प्रश्न बढी महत्वपूर्ण छ। वास्तवमा श्रोताहरूको आँखामा सामुदायिक प्रसारकको जीवन खुला किताबजस्तै हुनुपर्छ। त्यसैले, हरेक सामुदायिक रेडियो स्टेसनहरूले स्टेसनमा काम गर्ने तलबी कर्मचारी, स्वयंसेवक र सहभागी सबैका लागि आचारसंहिता बनाउनु अति आवश्यक हुन्छ। आ नो स्टेसनका लागि आचार संहिता बनाउन सजिलो होस् भनेर प्रसारकका आचार र व्यवहार सम्बन्धी केही आधारभूत कुराहरू यहाँ समाबेश गरिएको छ। यसलाई आवश्यकता अनुसार काटछाँट गरी आ नो स्टेसनका लागि अलग्गै आचार संहिता बनाउन सकिन्छ।

## प्रसारण सञ्चालन

**कार्यक्रमको तयारी :** कार्यक्रम बनाउँदा राम्ररी तयारी गर्नुपर्छ। कार्यक्रमले श्रोतालाई नयाँ विचार, नयाँ जानकारी तथा नयाँ दृष्टिकोण दिनुपर्छ। उद्घोषक हमेसा लेखपढ गर्न, स्क्रिप्ट लेख्न, अनुसन्धान गर्न, विश्वसनीय स्रोतबाट सूचना प्राप्त गर्न तथा प्रसारण गर्नु अघि आ नो कार्यक्रमलाई राम्ररी प्रस्तुत गर्न उत्सुक, इच्छुक एवं तत्पर हुनुपर्छ।

**नयाँनयाँ कुराको खोजी :** कुनै पनि उद्घोषकले मलाई सबै कुरा थाहा छ, मैले नयाँ, उपयोगी जानकारी खोज्नु आवश्यक छैन भनी ठान्नु हुँदैन। रेडियो भनेको जति जानकारीले पनि नपुग्ने साह्रै भोको माध्यम हो। प्रसारणको प्रत्येक क्षण यसलाई सूचना र जानकारीको भण्डार चाहिन्छ। थाहा नभएका तथ्य तथा जानकारीहरू खोज्नु



सामुदायिक विकासको लागि प्रतिवद्ध रेडियोको विशिष्ट स्वभाव हो ।

कुनै पनि व्यक्तिले नयाँ, रोचक तथा साङ्गोपाङ्ग जानकारी दिनको लागि ऊसँग धेरै जानकारी हुनुपर्छ । नयाँ कुरा निरन्तर रूपमा दिनसके मात्रै उसको इज्जत बढ्छ । आफैंले जानकारी खोज्न मेहनत वा अनुसन्धान गरेपछि मात्रै उसले भनेको कुरा अरूले सुन्छ । जान्ने मान्छेसँग मात्रै श्रोताले नयाँ नयाँ कुरा सोध्छ भन्ने कुरा उद्घोषकले बुझ्नुपर्छ । सर्वाधिक लगनशील अनुसन्धानकर्ता एवं जिज्ञासु प्रसारक मात्रै श्रोताका लागि जानकारीको सर्वाधिक विश्वसनीय स्रोत बन्नसक्छ ।

**असल काम कुरामा रुचि :** उद्घोषकले हमेसा शारीरिक, मानसिक एवं नैतिक रूपले स्वस्थ तथा सबैलाई स्वीकार्य विषय, भाषा, ठट्टा तथा प्रस्तुति रोज्नुपर्छ । अश्लीलता÷निर्लज्जता, निन्दाचर्चा, अशुद्धता÷भ्रष्टता र फोहोरी कुराहरूलाई प्रसारणमा कुनै ठाउँ दिनु हुँदैन । सामुदायिक प्रसारणमा त झन यो कुनै हालतमा हुनु हुँदैन । श्रोताहरूले, विशेष गरी बालबालिका र युवाहरूले उद्घोषकलाई व्यवहार र भाषाको नमुना वा आदर्श मानेर उसैको सिको गरेका हुन्छन् । त्यसैले यस्ता कुरामा प्रसारक विशेष रूपले सतर्क हुनैपर्छ ।

**सत्य-तथ्य मात्र प्रसारण :** उद्घोषकले विश्वसनीय स्रोतहरूबाट बटुलिएका तथ्यहरू मात्रै प्रसारण गर्ने बाचा गर्नुपर्छ । यदि सुरुमा प्राप्त जानकारीहरूको पर्याप्त अनुसन्धान र दोहोरो जाँच गरिएको छैन भने त्यस्ता जानकारीहरू प्रसारण गर्नु हुँदैन । श्रोताहरूलाई पूर्व सचेत वा सावधान गर्नको लागि दोहोरो जाँच नगरिएका जानकारीहरू प्रसारण गर्नु आवश्यक भएमा उद्घोषकले त्यस्ता स्रोत नखुलेका सूचनाहरूको सत्यता जाँच्न बाँकी छ भन्ने कुरा स्पष्ट पारिदिनुपर्छ । सत्य कुरा मात्र रिपोर्ट गर्न पुस्तकालय, किताब, जानकार व्यक्तिहरू, अधिकारीहरू, संलग्न व्यक्तिहरू तथा घटनाका सही अभिलेख जस्ता भरपर्दा स्रोतहरू समक्ष पुग्नुपर्छ ।

**सूचनाका स्रोतहरूको दोहोरो जाँच :** आधा सत्य भनेको आधा झूठ पनि हो । त्यस्ता कुराहरूलाई प्रसारण गर्न नदिनका लागि प्रसारक सदा सचेत हुनुपर्छ । स्रोतको विश्वसनीयतालाई राम्ररी जाँच्ने जाँचकी वा सूचनाको द्वारपाल (गेटकिपर) को रूपमा उद्घोषकले आफूलाई श्रोताहरूसमक्ष प्रस्तुत गर्नुपर्छ । कुनै घटना वा स्थितिको सही चित्र प्रस्तुत गर्नका लागि सबै जानकारी र विचारका स्रोतहरूको दोहोरो जाँच गर्नुपर्छ ।

**न्यायसंगत र निष्पक्ष प्रसारण :** कुनै घटनाको रिपोर्टिङ गर्दा वा कुनै परिस्थितिको वर्णन गर्दा उद्घोषकले आ नै इच्छा, पूर्वाग्रह, पक्षपात, झुकाउ र व्यक्तिगत विश्वास वा मान्यता घुसाउनु वा लाद्नु हुँदैन । समाचार प्रसारण गर्दा वस्तुनिष्ठताको सिद्धान्त पालन गर्नुपर्छ । यसमा आँच आउने गरी सम्झौता गर्नु हुँदैन । सम्भाव्य सबै दृष्टिकोण तथा सूचनाका स्रोतहरूको जाँच गर्नु असल रिपोर्टिङको नियम नै हो । यसले विश्वसनीय उद्घोषकलाई सीमित स्रोतको आधारमा वा गफ वा सुनेका कुराको भरमा रिपोर्टिङ गर्ने सामान्य रिपोर्टरहरूभन्दा माथि पुऱ्याउँछ ।

**आरोप प्रमाणित नभएसम्म सबै निरपराध :** कसैलाई आरोप वा अभियोग लागेको कुरा प्रसारित गर्दा निक्कै विचार पुऱ्याउनु पर्छ । आरोप लगाउने व्यक्तिको पद र आरोपित व्यक्तिसँगको सम्बन्धसहित ठीकसँग परिचय दिनुपर्छ । साथै उसको निजी धारणा पनि दिनुपर्छ । तर आरोप वा अभियोग साबित नभएसम्म कोही पनि व्यक्ति निरपराध हुन्छ भन्ने कानुनी मान्यतालाई मूल नियम मान्नुपर्छ ।

अदालतमा विचाराधीन मुद्दालाई प्रभाव पर्ने कुरा सञ्चार माध्यममा ल्याउनु हुँदैन भन्ने कुरा उद्घोषकले बिर्सनु हुँदैन । तैपनि, विचाराधीन मुद्दाका अभिलेख र तथ्यहरूको रिपोर्टिङ गर्न सकिन्छ । जिम्मेवार उद्घोषकले आ नो प्रस्तुतिलाई सन्तुलित बनाउन विवादास्पद मुद्दा वा विषयका विभिन्न पक्षहरू खोज्नु र प्रस्तुत गर्नुपर्छ ।

**सबैको अधिकारको सम्मान :** समुदायको सूचित हुने इच्छा र अधिकार छ भन्दैमा कसैको पनि व्यक्तिगत गोपनीयता भंग गर्न पाइँदैन । व्यक्तिगत, पारिवारिक वा अन्य कुनै कारणले कसैले गोप्य राखेका सूचनाहरू सार्वजनिक सूचनाको नाममा अतिक्रमण गर्नु हुँदैन । अन्तर्वार्ता लिँदा अन्तर्वार्ता दिने व्यक्तिले अफ-द-रेकर्ड अर्थात् नछाप्ने भनी विश्वास गरी दिएका जानकारीहरू पत्रकारले सुरक्षित गर्नुपर्छ, सञ्चार माध्यममा ल्याउनु हुँदैन ।

**सकारात्मक तथा रचनात्मक कुरालाई प्राथमिकता दिनुपर्छ :** सञ्चार माध्यममा हल्ला, तल्लो दर्जाका आरोप वा शाब्दिक हमला, गाली गलौज, आलोचना, झगडा, गफ र प्रायोजित प्रचारको लोभ वा आकर्षणबाट धेरै सञ्चारकर्मीहरू प्रभावित हुन्छन् । तर प्रसारकले यस्तो जाल वा पासोमा पर्ने खतराबाट जोगिन निक्कै होशियार हुनुपर्छ । कुनै विवादास्पद विषय वा स्थिति समुदायको लागि अत्यन्तै महत्वपूर्ण छ र



त्यसलाई छलफलमा ल्याउने निर्णय गरिएमा विवादास्पद विषयका सम्पूर्ण पक्ष प्रस्तुत गर्नका लागि रेडियो स्टेसनले आ नो सम्पूर्ण जनशक्ति र साधन प्रयोग गर्नुपर्छ।

कुनै समस्यासँग जुध्न सो समस्या समाधानका लागि प्राप्त सुझाव, सल्लाह, सिफारिस र सम्भाव्य उपायहरूबारे छलफल गर्नु र तिनलाई केलाउनु आवश्यक हुन्छ। यसलाई महत्वका साथ जोड दिनुपर्छ। यसलाई गुमाउनु वा पन्छाउनु अपराध हो। विवादास्पद कुरालाई तह लगाउन गरेको प्रयासको बदलामा सकारात्मकतातिर उन्मुख प्रसारकले कम्तीमा पनि दश वटा रोचक तथा उपयोगी जानकारी हासिल गर्न सक्छ।

**हल्ला र गफको औषधी :** बनबाट दाउरा ल्याउँदा झारपात टाँसिएझैं उद्घोषकले आ नो समुदायसँग व्यक्तिगत कुराकानी गर्दा आधारहीन कुराहरू, हल्ला र गफहरू पनि मिसिएर रेडियो स्टेसनमा आउँछ। यस्ता कुराहरू प्रसारण गर्नु हमेसा लोभलाग्दो हुन्छ। यस्ता लोभबाट जोगिन विशेष सतर्कता अपनाउनु पर्छ। खास गरी प्राप्त जानकारीको विश्वसनीयता तत्काल जाँच्न नमिल्ने अवस्थामा विशेष रूपले सतर्क हुनुपर्छ। समाचार दिने काममा पहिलो हुनुभन्दा सही हुनु बेस।

**कार्यक्रमहरूबीच सहयोग :** रेडियो स्टेसनको कुनै कार्यक्रमलाई लोकप्रिय बनाउने एउटा उपाय हो त्यो कार्यक्रमबारे त्यही स्टेसनबाट प्रसारित हुने अरू कार्यक्रमहरूमार्फत पटक पटक जानकारी दिनु। एउटा कार्यक्रमले अर्को कार्यक्रमको बारेमा जानकारी दिएर तथा महत्वपूर्ण÷रमाइला टुक्राहरू प्रसारित गरेर एक अर्कालाई सघाउने प्रयास निरन्तर गरिरहनु पर्छ। रेडियो स्टेसनका अन्य कार्यक्रमहरूको बारेमा आ नो कार्यक्रममा जानकारी दिन कुनै पनि प्रसारकले इन्कार गर्नु हुँदैन।

## कार्यक्रम सञ्चालनको क्रममा पालन गर्नुपर्ने आचार

**सामूहिकताको भावना वा टिम स्पिरिट :** रेडियोको काम समूह वा टिमले गर्ने काम हो। उदघोषक पनि त्यही टिमको एउटा अंग हो। उसले आ नो व्यक्तिगत क्रियाकलाप र योगदानलाई टिमको सामूहिक प्रयासको रूपमा लिनुपर्छ। आ ना सहकर्मीहरूलाई साथीको रूपमा व्यवहार गर्नुपर्छ। कार्यक्रमको मूल्यांकन र छलफलमा उदारतापूर्वक भाग लिनुपर्छ तथा आ नो कामको समीक्षा र समालोचना गर्न टिमका साथीहरूलाई प्रोत्साहित गर्नुपर्छ। सामुदायिक प्रसारणको सञ्चालन, व्यवस्थापन, नीति निर्माताहरू



तथा उदघोषकहरूले आलोचना र सुझावहरूलाई सकारात्मक रूपमा लिनुपर्छ र संस्थाका नीति नियमहरूको पालना गर्नुपर्छ। आलोचना र सुझावप्रति रुखो व्यवहार गर्ने वा रिसाउने उद्घोषकले आफूलाई सपार्न सक्तैन। त्यस्तोलाई टिमबाट हटाउनु बेस हुन्छ।

**अधिकारीहरूको सम्मान :** उद्घोषकले प्रशासनिक संयन्त्रमा काम गर्नेहरू–रेडियो स्टेसन सञ्चालक समिति, नीति निर्माताहरू, कर्मचारीहरूका साथै नीति नियमहरूको सम्मान गर्नुपर्छ। संस्थाका नीति नियमहरूको पूर्ण रूपमा पालन गर्नुपर्छ।

**समयको पालन र काम गर्ने जाँगर :** उद्घोषक आ नो काममा कत्तिको जाँगरिलो छ भन्ने कुराको कसी उसले समयको पालन कत्तिको गर्छ भन्ने कुराले जनाउँछ। ऊ ठीक समयमा स्टुडियोमा आइपुग्नु जस्तो राम्रो सूचक अरू हुँदैन। “ठिक समयमा” भन्नुको मतलब–स्टुडियोभित्र सामान, उपकरणहरूको तयारी गर्न, स्टेसन प्रमुख वा जिम्मेवार व्यक्तिसँग सल्लाह र छलफल गर्न, कार्यक्रममा भाग लिने पाहुनाहरू वा अन्तर्वार्ता दिनेहरूसँग सरसल्लाह गर्न, फुर्तिलो पाराले कार्यक्रम सञ्चालन गर्न मानसिक रूपले तयार हुन लाग्ने पर्याप्त समय पनि राखेर आइपुग्नु हो। प्रसारकले कार्यक्रम प्रसारण गर्ने बेलामा टुप्लुक्क आइ पुगेर हुँदैन। उद्घोषक कुनै पनि हालतमा उदघोषण गर्ने समयभन्दा १० मिनेटभन्दा पहिले नै स्टुडियोमा आउनु पर्छ।

कुनै कारणवश उद्घोषक आउन नसक्ने अवस्था छ भने उसले कम्तीमा एक दिन अगावै स्टेसन प्रमुख वा जिम्मेवार मानिसलाई खबर गर्नुपर्छ। स्टेसन म्यानेजरले अर्को उद्घोषक खोज्न, सट्टामा आएको उद्घोषकले समन्वय गर्न, कार्यक्रमका सामग्रीहरू तयार गर्न, सम्पर्कहरू स्थापना गर्न र कार्यक्रम उत्पादन गर्न समय लाग्छ। अनुपस्थित हुने उद्घोषकले यसको लागि पर्याप्त समय दिनुपर्छ।

संकटकालीन अवस्थामा मात्रै उद्घोषक पूर्वसूचना बिना अनुपस्थित हुनसक्छ। घरपरिवारमै कसैको निधन भयो वा सिकिस्त भएर अस्पताल पुऱ्याउनु पर्ने अवस्थालाई मात्रै उद्घोषण गर्न नसकिने संकटकाल मान्नुपर्छ।

**सहयोगको भावना :** टिमको सदस्यको हैसियतले उद्घोषकले कठिन स्थितिमा परेका अर्का सदस्यलाई मदत गर्न र उसको काममा सघाउन सदा तत्पर हुनुपर्छ। आ नो टिमका सदस्यलाई कुन बेला मदत चाहिन्छ कि भनी सँधै चनाखो हुनुपर्छ। उदाहरणका लागि कुनै सदस्य कामको बोझले दबिएर चिन्तित भएको वा चिठीको थुप्रोमा



अल्झिएको हुनसक्छ, अथवा कुनै विशेष कार्यक्रम बनाउन व्यस्त हुनसक्छ वा पारिवारिक समस्याले घेरिएको हुनसक्छ । त्यस्तो स्थितिमा उसले आ  ना सहकर्मीलाई थप एवं आवश्यक जानकारी, सम्पर्क सूत्र तथा सामग्रीहरू उपलब्ध गराएर सघाउनु पर्छ ।

**आपसी सहयोग :** आफूले प्रसारण गरिरहेको कार्यक्रमको लगत्तै प्रसारण हुने कार्यक्रमको उद्घोषक स्टुडियोमा नआइपुगेसम्म अघिल्लो उद्घोषकले स्टुडियो छोडनु हुँदैन । कुनै कारणले पछिको कार्यक्रमको उद्घोषक आउन ढिलो हुन सक्छ वा नआउन पनि सक्छ ।

यदि पछि प्रसारण हुने कार्यक्रमको उद्घोषक प्राय: अनुपस्थित हुन्छ वा सँधै ढिलो आइपुग्छ भने स्टेसन प्रमुखलाई यो कुराको जानकारी दिनुपर्छ । स्टेसन प्रमुखले या त अर्को मानिसलाई जगेडाको रूपमा राखेर या आ  नो कर्तव्य ठीकसँग पालन नगर्ने उद्घोषकमाथि अनुसाशनको कार्वाही गरेर समस्याको समाधान गर्छ ।

## स्टुडियो परिसरमा पालन गर्नुपर्ने आचार

कसैलाई पनि रेडियो स्टेसन परिसरमा विस्फोटक पदार्थ वा हतियार लिएर जान दिनु हुँदैन । स्टेसन परिसरभित्र मादक पदार्थ खानु र ख्वाउनु स्टेसनकै अपमान हो । कुनै पनि प्रकारको मादक पदार्थको मात लागेको व्यक्तिलाई स्टेसनमा आउन दिनु हुँदैन । स्टुडियो परिसरभित्र कसैले पनि अनैतिक वा गैरकानुनी काम गर्नु हुँदैन ।

सुग्घर सफाइ, सुव्यवस्था, मौनता, स्टुडियो उपकरण नचलाउने जस्ता कुराहरूको बारेमा राम्रो जानकारी वा होशियारी नगराइकन उद्घोषकले आ  नो व्यक्तिगत पाहुना, नातेदार वा साथीलाई स्टुडियोमा ल्याउनु हुँदैन । आगन्तुकहरूले कुनै प्रकारले पनि प्रसारकहरूको ध्यान भंग गर्नु, काममा बाधा पुऱ्याउनु, प्रसारण कार्य विच्छेद गर्नु, स्टेसनका उपकरण र सामान छुनु, चलाउनु वा रेडियो स्टेसनको कुनै पनि प्रकारले अहित गर्नु हुँदैन । केटाकेटीहरूलाई स्टेसनमा ल्याउँदा उनीहरूसँग जिम्मेवार प्रौढ व्यक्ति वा अभिभावक पनि हुनुपर्छ ।

**स्टुडियोको सामानको हिफाजत :** रेडियो स्टेसनको यन्त्र उपकरण तथा सम्पतिको सुरक्षा गर्नु प्रत्येक कर्मचारीको दायित्व हो । कुनै पनि उपकरण चलाउने काम सो उपकरण चलाउने तालिम पाएका, योग्य एवं आधिकारप्राप्त व्यक्तिले मात्र गर्नुपर्छ ।

उपकरणहरू उपयोगमा नभएको बेलामा खुला वा स्विच अन गरेर छाडनु हुँदैन। कुनै पनि उपकरण प्रयोग गरिसकेपछि त्यसलाई सफा गर्नु, त्यसको खोलमा हाल्नु, ढाक्नु र स्टोरभित्र ठीक ठाउँमा जतनसाथ राख्नु प्रत्येक उपयोगकर्ताको दायित्व हो। स्टेसन प्रमुख वा अधिकारप्राप्त व्यक्तिको इजाजत बिना स्टुडियोको कुनै पनि उपकरण वा उपकरणको कुनै भाग स्टुडियो परिसर बाहिर लैजानु हुँदैन। स्टुडियो परिसर बाहिर लगिएका उपकरणहरू काम सकिनासाथ फर्काउनु पर्छ।

उपकरणको प्रयोग गर्ने सम्बन्धमा बेग्लै नियमावली बनाइनु पर्छ। उपकरणको प्रयोग र पैँचो दिने लिने बारेमा व्यवस्था बनाउनु पर्छ। उपकरण प्रयोग गर्ने र पैँचो लैजानेको बेग्लाबेग्लै खाता राख्नुपर्छ। उपकरणको सञ्चालनमा वा सेटअपमा कुनै व्यवधान आएमा, ठिकसँग काम नगरेमा, टुटफुट भएमा वा असामान्य कुरा भएमा त्यसको कारण वा विवरण सहितको जानकारी तत्काले संबंधित वा अधिकारप्राप्त व्यक्तिलाई दिनुपर्छ।

## स्टेसन बाहिर पालन गर्नुपर्ने आचार

रेडियो स्टेसन बाहिर स्टेसनको कुनै पनि कर्मचारीको व्यवहार वा आचरणले त्यो स्टेसन, व्यवस्थापन र त्यस संस्थाको छवि झल्काउँछ। उसले आ नो परिवारसँग, छरछिमेकसँग, साथीहरूसँग, सहकर्मीहरूसँग र आ नो समुदायका सदस्यहरूसँग कस्तो व्यवहार गर्छ भन्ने कुराले उसको व्यक्तित्व झल्काउँछ। समुदायको सुधारक तथा विकासका संवाहकको भूमिका खेल्न चाहने रेडियो स्टेसनमा काम गर्ने व्यक्तिहरूको व्यवहार र व्यक्तित्व पनि त्यसै अनुसारको हुनुपर्छ। परिवारभित्र र समुदायमा उसको व्यवहार अरूको लागि उदाहरण बन्नुपर्छ।

अधिकार प्राप्त नगरीकन कुनै पनि कर्मचारीले स्टेसनको नाममा चन्दा उठाउनु वा व्यक्तिगत लाभको लागि सहयोग, सुविधा, सहुलियत वा छुट माग्नु स्टेसनको नीतिको बर्खिलाफ हो। स्टेसनको सुधार वा उन्नतिको लागि वा दैवी विपत्तिमा परेकाहरूको उद्धारजस्ता उचित कामको लागि बेलाबेलामा चन्दा उठाउनु पर्ने हुन्छ। तर यस्ता सबै काम रेडियो स्टेसनको नीति नियम अनुसार हुनुपर्छ। नैतिक पतनको फौजदारी अभियोग सिद्ध भएका उदघोषकहरू स्वत: सेवाबाट हटाइन्छन्। स्टेसनको हितलाई ध्यानमा राखेर गोप्य भनी छुटचाइएका सूचनाहरू अरूसमक्ष पुर्‍याउनु वा सार्वजनिक गर्नु स्टेसन र टिमप्रति नै विश्वासघात हो। त्यसैले, उद्‌घोषक यस्ता कामबाट बच्नुपर्छ। उद्‌घोषकले कुनै पनि राजनीतिक दलको पक्षमा लागेर काम गर्नु हुँदैन।



## अख्तियारबिना विज्ञापन र रकम लिनु हुँदैन

औपचारिक रूपमा अख्तियार पाएको व्यक्ति बाहेक अरूले रेडियो स्टेसन वा रेडियोबाट प्रसारण हुने कुनै कार्यक्रमको नाममा चन्दा, दान, सहयोग, सहायता वा विज्ञापन लिनु हुँदैन। जुवाको खाल चलाउने, तस्करी गर्ने, वातावरण विनाश गर्ने, लागू पदार्थको व्यापार गर्ने तथा समाज र देशको हित विपरीत काम गर्नेजस्ता गैरकानुनी स्रोतबाट स्टेसनको लागि रकम लिने कि नलिने भन्ने बिषयमा स्पष्ट नीति हुनुपर्छ।

राजनीतिक दलहरू र रेडियोलाई प्रभाव पार्नसक्ने निहित स्वार्थ भएका व्यक्ति वा समूहबाट आर्थिक सहयोग लिनु हुँदैन। रेडियो स्टेसन सञ्चालन गर्ने जिम्मेवार निकायले यस्तो सहयोग लिने निर्णय गर्नु पर्दा आर्थिक सहयोगसँग कुनै स्वार्थ वा दवाब गाँसिएको छैन भन्ने कुरा निधो गरेर मात्र लिनुपर्छ।

रेडियो स्टेसनको सम्पूर्ण आम्दानी, सबै प्रकारका सहयोग, दान तथा चन्दा स्टेसनको मूल खातामा दाखिला हुनुपर्छ। चेक वा नगद सबै रकम २४ घण्टाभित्र बैंकमा जम्मा गर्नुपर्छ। फुटकर खर्चको लागि स्टेसन प्रमुख वा अख्तियार पाएको मानिसले निश्चित रकमको नगदी कोष राख्नुपर्छ। अधिकार प्राप्त समिति वा निकायले मूल खाताबाटै विभिन्न कार्यमा खर्च गर्नुपर्छ। बैंकको खाता कम्तीमा दुई जनाको हस्ताक्षरबाट सञ्चालन हुनुपर्छ। आर्थिक कारोबारको हिसाब किताब मान्यताप्राप्त ढाँचामा राख्नुपर्छ।

## व्यापारिक विज्ञापन

नेपालमा रेडियो स्टेसनको लागि व्यापारिक र जनसेवी बेग्लाबेग्लै लाइसेन्स दिने व्यवस्था छैन। तापनि, सामुदायिक प्रसारण गर्ने स्टेसनले व्यापारिक विज्ञापनको सम्बन्धमा स्पस्ट नीति नियम बनाउनु पर्छ। सामाजिक दायित्वको वास्ता नराख्ने व्यापारिक कम्पनीहरू तथा समाजमा अनैतिकता वा दुराचार फैलाउने खालका सामानको विज्ञापन नगर्नु नै बेस हुन्छ।

सामुदायिक स्टेसनले संस्थागत रूपमा कार्यक्रम प्रायोजित गर्ने विज्ञापनदाता खोज्नु उपयुक्त हुन्छ। स्टेसनलाई आर्थिक सहयोग दिएर मदत गर्न चाहने संस्थाहरू, समाज वा समुदायको उन्नतिको लागि आ नो तर्फबाट योगदान दिन चाहने संस्थाहरू, आ नो कम्पनीको नाम र इज्जत बढाउन चाहने संस्थाहरू तथा आ नो व्यापार वा कम्पनीको तर्फबाट कुनै भलाइको काम गर्न चाहने संस्थाहरू त्यस्ता संस्थागत विज्ञापन दाताहरूमा पर्छन्। जनसेवी गैरसरकारी संस्थाहरू, सरकारी निकायहरू, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, संयुक्त राष्ट्रसंघका अंगहरूबाट गरिने विज्ञापन सामुदायिक स्टेसनको लागि राम्रो र स्थायी आर्थिक स्रोत हुनसक्छ।

## सामुदायिक स्टेसन र राजनीतिक स्वार्थ

कुनै पनि राजनीतिक दल, उम्मेद्वार वा दलीय स्वार्थको पक्ष वा विपक्षमा सामुदायिक रेडियोको प्रयोग हुनु हुँदैन। राजनीतिक प्रसारणको सम्बन्धमा निर्वाचन आयोगको आचार संहिता र संबंधित ऐन कानुनहरूको पालना हुनुपर्छ।

रेडियोमा समय लिन चाहने मान्यताप्राप्त राजनीतिक दल तथा उम्मेदवारहरूलाई समान अवसर उपलब्ध गराउनु पर्छ। सबै मामलामा “समान समय र समान अवसर” को सिद्धान्त पालन गर्नुपर्छ। समान समय र अवसर भन्नाले कति बेर वा कति लामो प्रसारण, प्रस्तुतीकरणको गुणस्तर तथा प्रसारण गरिने बेला र दिन (गते वा बार)को लाभ भन्ने बुझ्नुपर्छ। राजनीतिक दलहरूबीच समानता र सहमति हुन सकेन भने गोलाप्रथा वा अन्य कुनै उचित उपाय अपनाउन सकिन्छ।

राजनीतिक प्रसारणहरू वा राजनीतिक मुद्दाहरूलाई मतदाताहरूलाई प्रभाव पार्ने गरी नाटकीय ढंगले प्रसारण गर्दा उद्घोषकले प्रसारणको सुरु र अन्त्यमा तथा प्रसारणको दौरानमा दशदश मिनेटमा श्रोताहरूलाई जानकारी दिइराख्नु पर्छ। समाचार र जानकारी दिने कार्यक्रमहरूको प्रस्तुति तथ्यगत र वस्तुगत हुने गरी कडाइका साथ सम्पादन गरिनु पर्छ। समाचारहरूको चयन तथा प्रस्तुतीकरणमा कुनै पनि राजनीतिक दलको पक्ष वा विपक्षमा पूर्वाग्रह झल्किनु हुँदैन। स्टेसनको कुनै पनि कर्मचारी वा व्यवस्थापनसंग संलग्न व्यक्ति वा प्रसारकले कुनै पनि दलको पक्षमा काम गर्नु अघि स्टेसनको काम छाडनु पर्छ वा राजिनामा दिनु पर्छ।

# सन्दर्भ सूचि

*An Invitation to People's Broadcasting*, Worldview International Foundation, Colombo, 1998.

*Broadcasting the Writing on the Wall Nepal's Shift to Community Radio*, Bharat D. Koirala, InteRadio Magazine, InteRadio, AMARC, Vol. 7, No. 2, 1995.

*Communication for Rural Development to Improve Planning, Participation and Training*, Report of the World Conference on Agrarian Reform and Rural Development, FAO, Rome, 1979.

*Community Communication for People Empowerment*, Proceedings of the National Symposium on Community Communication, 30 November to 2 December 1995, SEARCA, University of the Philippines Los Banos, Philippines.

*Community Radio The Voice of the People*, A.R. Pasha, A VOICE Publication, December, 1997.

*Dateline Earth: Journalism as if the Planet Mattered*, Kunda Dixit, Inter Press Service, Asia Pacific,1997

*DEURALI Weekly*, Rural Newspaper, (Sample Issue in English), June, 1995, Rural Development Palpa, Palpa.

National Seminar on Community Communication for People's Empowerment, July, 1997, Nepal Press Institute, Kathmandu.

Panos Media Briefings, PANOS London.

*Public Service Broadcasting : Dodoised ?*, Kiran Karnik, Panos South Asia Round Table, 1998, Panos South Asia, Kathmandu.

Radio Wonership and Listening in Nepal: A National Study, 1997, Audience Research Section, Radio Broadcasting Services, Radio Nepal, Kathmandu.

TAMBULI PRIMER and other Manuals of Tambuli Community Media Project, Quezon City, Philippines

The Power to be Heard, UNESCO Sources, April, 1997.

*VOICES Consultation on Media Policy and Cummunity Radio*, Workshop Report, Banglore, 1996.

Workshop on Rural Communication, SAP Nepal, Kathmandu, 1994.

'एफएम मदनपोखरा गाउँको विकासको लागि गाउँले रेडियो', विनयकुमार कसजू, *श्री सगरमाथा दैनिक*, २०५३ बैशाख ६ ।

*ग्रामीण सञ्चार नेपालको सन्दर्भमा*, विनयकुमार कसजू, नेपाल पत्रकार संघ रुपन्देही शाखाको मुखपत्र, २०५३ ।

'ग्रामीण विकासमा सञ्चारको प्रयोग', विनयकुमार कसजू, *श्री सगरमाथा दैनिक*, २०५३ जेठ १३ ।



*प्रसारण पत्रकारिता हाते किताब*, सम्पादक दुर्गानाथ शर्मा, नेपाल प्रेस इन्स्टिच्युट, बैशाख, २०५६ ।

“विकासका लागि सहभागितामूलक सञ्चार” राष्ट्रिय कार्यशाला, हेटौंडा, कार्तिक, २०५५, हरिकला अधिकारीद्वारा तयार पारिएको प्रतिवेदन, वर्ल्डभ्यू नेपाल ।

*माडी उपत्यका सामुदायिक प्रसारण परियोजना, रूपरेखा र कार्यक्रम*, ग्रामीण विकास पाल्पा, २०५३, पाल्पा ।

*रेडियो मदनपोखरा सञ्चालन व्यवस्था र विधान, २०५३*, मदनपोखरा गाविस, पाल्पा ।

*राष्ट्रिय प्रसारण ऐन, २०४९* ।

*राष्ट्रिय प्रसारण नियमावली, २०५२*।

*राष्ट्रिय संचार नीति, २०४९* ।

*सामुदायिक प्रसारण: अवधारणा र सीप*, गोपाल गुरागाईं, नेपाल प्रेस इन्स्टिच्युट, १९९८ ।

“सुन्दरपुरले देखाएको बाटो”, गोपाल गुरागाईं, *हाका-हाकी* (द्वैमासिक), वर्ष २, अंक ४, २०५५ ।

*हाका-हाकी* (द्वैमासिक), सामुदायिक सञ्चार अंक, वर्ष ३, अंक १, बैशाख-जेठ, २०५६, विकास सञ्चार केन्द्र, ललितपुर ।

